वर्ष : १६, अंक : १, काठमाडौं, २०७७ बैशाख ५ गते शुक्रबार, 17 April 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## संसदीय विकास कोषको रकम कोरोना विरूद्धको संघर्षमा प्रयोग गर्न माग

मधेशवाणी डेस्क

काठमाडौं । प्रतिनिधिसभा सदस्य तथा राष्ट्रिय जनता पार्टी नेपालको अध्यक्षमण्डलका नेता राजेन्द्र महतोले संसदीय विकास कोषको रकम कोरोना विरूद्धको संघर्षमा प्रयोग गर्न सरकारसँग माग गरेका छन् ।

सांसद महतोले आइतबार एक विज्ञप्ति जारी गरी यस विषम परिस्थितिमा संसदीय विकास कोषको रकम कोरोना विरूद्धको संघर्षमा प्रयोग गर्न माग गरेका हुन् ।

उनले अहिलेको पिडादायी र प्रलयकारी अवस्थामा संघीय र प्रादेशिक संसदीय विकास कोषको बाँकी रहेको रकमलाई सम्बन्धित संसदीय क्षेत्रमा स्थानीय तह र वडामार्फत सर्वदलीय संयन्त्र बनाई द्रूत गतिमा राहत र कोरोना विरूद्धको संघर्षमा खर्च गर्न तत्काल नियम कानुन संसोधन गरि अबिलम्ब आवश्यक व्यबस्था गर्न केन्द्रीय सरकार र प्रदेश सरकारसँग आग्रह गरेका छन् ।

साथै प्रादेशिक सरकार र पालिकाहरूले मानवीय रूपमा संवेदनशील भई संक्रमण नियन्त्रण, कोरेन्टाइनको सुव्यवस्थित संचालन र राहतको कार्य दृढताका साथ गर्न महतोले आग्रह गरेका हुन् ।



आगामी आर्थिक वर्षहरूको संसदीय बजेटलाई स्वास्थ, कृषि र कोरोना विरूद्धको संघर्षमा सरकारले प्रयोग गर्ने गरि आवश्यक नीति योजना बनाउन समेत आग्रह गरेका छन् ।

कोरोना भाइरस (कोभिड-१९)को महामारीले पूरा विश्व नै स्थिर भएको छ । आजसम्म एक लाखभन्दा बढी मानिसले ज्यान गुमाएका छन् भने १७ लाख भन्दा बढी मानिस यस भाइरसबाट संक्रमित छन् ।

केही संक्रमितहरू उपचारत छन्, उनीहरूको शीघ्र स्वास्थ्य लाभको कामनासमेत महतोले गरेका छन् ।

'यस संकटको घडीमा प्रतिपक्षमा रहेका राजनीतिक पार्टीहरू समेतले पूर्णरूपमा सरकारलाई सहयोग र समर्थन गरे पनि सरकार भित्रै समन्वयको अभाव र मानबिय सबेदनहिनता को कारणले कोरोनाको नियन्त्रण कार्य सन्तोषजनक नदेखिन र पिडित नागरिकहरूलाई राहत बितरणको कार्य सचारू रूपले संचालन हुन नसक्नु दुखद र दुर्भाग्यपूर्ण हो ।' महतोले विज्ञप्तिमा भनेका छन् ।

सरकारले गरेको निर्णय अनुसार ज्यालादारी मजदुर, विपन्न र गरिबहरूलाई स्थानीय तह मार्फत दिने राहत र सहयोग पुर्याउने कुरा घोषणामा मात्र सिमित देखिएको उनको गुनासो छ ।

उनले विज्ञप्तिमा भनेका छन्, स्वास्थ्यकर्मीहरूलाई अत्यावश्यक स्वास्थ सामग्रीहरू आवश्यक मात्रामा आजको दिनसम्म पनि व्यवस्था गर्म नसक्नुले पनि यो सरकारको काम गर्ने शैली बुझ्न सकिन्छ ।'

संकटको यस बेलामा सीमित स्रोतसाधनको बाबजुद पनि आफ्नो कर्तब्य पालन गरिरहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरसफाई कर्मचारी, पत्रकार, समाजसेबी संघ संस्था लगायत राजनीतिकर्मीहरूलाई महतोले धन्यबाद दिएका छन् ।

## कोरोनाविरुद्ध अग्रमोर्चामा खटिनेहरूलाई ५० लाख राहत, किसानको ४ महिनाको ब्याज प्रदेश सरकारले तिर्ने



जनकपुरधाम । कोरोना महामारी विरूद्ध रोकथाम, नियन्त्रण तथा उपचारमा खटिनेहरूलाई कोरोनाको संक्रमणबाट मृत्यु भए पीडित परिवारलाई प्रदेश सरकारले एक मुष्ट ५० लाख रूपैयाँ राहत दिने निर्णय गरेको छ ।

प्रदेश सरकार मन्त्रिपरिषद्को आज सम्पन्न बैठकले कोरोना महामारी नियन्त्रणका लागि नियन्त्रण, रोकथाम तथा उपचारकार्यमा संलग्न हुने निजामति वा अन्य कर्मचारी, सरकारी, गैरसरकारी वा निजी क्षेत्रका स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक, सहयोगी स्वास्थ्यकर्मी, वा अन्य कर्मचारी तथा पदाधिकारीलाई कोरोनाको सक्रमण भई मृत्यु भए पीडित परिवारलाई ५० लाख राहत स्वरूप उपलब्ध गराउने निर्णय गरेको हो ।

त्यसैगरी, कोरोना महामारीका संन्त्रासका कारण गरिएको लक डाउनले किसानहरू पीडित भएकोमा प्रदेश सरकारले किसानहरूले बैंक, वितिय संस्था वा सहकारीबाट लिएको ऋणको ४ महिनाको ब्याज प्रदेश सरकारले तिरिदिने निर्णय गरेको छ ।

मन्त्री परिषदको बैठकले कृषि कर्मको लागि किसानहरूले ५ लाख सम्म लिएको ऋणमा अधिकतम १२ प्रतिशत सम्मको ४ महिनाको व्याज प्रदेश सरकारले तिर्ने निर्णय गरेको छ । त्यसैगरि पाँच लाख देखी १५ लाख सम्मको ऋणमा १२ प्रतिशत सम्मको व्याजदरमा ५० प्रतिशत, १५ लाख देखी ३० लाख सम्मको ऋणमा ४० प्रतिशत र ३० लाखभन्दा बढीको ऋणमा कृषि सहकारी तथा भूमि व्यवस्था मन्त्रालयको सिफारिसमा मन्त्री परिषदले निर्णय गरे बमोजिम व्याज तिरि दिने निर्णय गरेको सरकारका प्रबक्ता एवं आन्तरिक मामिला तथा कानून मन्त्री ज्ञानेन्द्र कुमार यादवले जनाउनु भएको छ । यसका अतिरिक्त दुध, फल फुल, तरकारी, कुखुरा तथा माछामा यसका अतिरिक्त समेत राहत उपलब्ध गराउने निर्णय प्रदेश सरकारले गरेको छ ।

## सरकारले भारतबाट औषधि ल्याउदै

काठमाडौं । कोरोना भाइरस (कोभिड-१९) रोकथाम र नियन्त्रणका लागि भारतले औषधि उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् । यस्तै चीनले स्वास्थ्य सामग्री उपलब्ध गराउनेछ । नेपाली सेनाले पत्राचार गरेका पाँच मुलुकमध्ये तीन मुलुकबाट मात्र पूर्ण रूपमा जवाफ आएको हो । चीन सरकारले आफ्नो स्वास्थ्य सामग्री र भारतले औषधि खरिद गर्न सकिने जवाफ पत्रमार्फत दिएका छन् । दक्षिण कोरियाले भने कम्पनीको नाम मात्र उल्लेख गरी पत्र पठाएको छ । सरकारले नेपाली सेनालाई सरकार-सरकार (जीटूजी) प्रक्रियामार्फत खरिद गरेर सामान ल्याउने जिम्मेवारी दिएको थियो । उक्त जिम्मेवारीअनुसार सेनाले चीन, भारत, इजरायल, दक्षिण कोरिया र सिंगापुरलाई कूटनीतिक माध्यममार्फत जीटूजी खरिदका लागि पत्राचार गरेको थियो । भारतले केही समयअघि नै अत्यावश्यक औषधिहरू विदेशमा निर्यात नगर्ने निर्णय गरेको थियो तर उसले नेपाललाई औषधि उपलब्ध गराउने प्रतिबद्धता जनाएको छ । पाण्डेका अनुसार भारतमा स्वास्थ्य सामग्री अभाव भए पनि औषधि पठाउन सकिने उल्लेख गरेको छ । भारतीय मिडिया एएनआईका अनुसार भारत सरकारले नेपालसहित १३ मुलुकलाई करिब १४ मिलियन हाइड्रोक्सिक्लोरोक्विन ट्याब्लेट दिने निर्णय गरेको छ । अन्य मुलुकमा अमेरिका, स्पेन, जर्मनी, बहराइन, ब्राजिल, भुटान, अफगानिस्तान, माल्दिभ्स, बंगलादेश, मोरिसस, डोमिनिक गणतन्त्र र सेसेल्स छन् । हाइड्रोक्सिक्लोरोक्विनबाहेक कुन-कुन औषधि भारतले नेपाललाई उपलब्ध गराउने भन्नेबारे निर्णय भइसकेको छैन ।

## राष्ट्रिय सहमति गरौं : राजपा

काठमाडौं । राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले मुलुकमा देखिएका सबैखाले समस्याको समाधानका निम्ति राष्ट्रिय सहमतिका साथ अघि बढ्नुपर्नेमा जोड दिएको छ । नयाँ वर्ष २०७७ को उपलक्ष्यमा राजपाले एक शुभकामना सन्देश जारी गर्दै सरकारकोतर्फबाट अझै प्रभावकारी भूमिकाका निम्ति सबै प्रकारको समस्याबाट मुक्ति पाउन सबैलाई समेटेर राष्ट्रिय सहमतिका लागि छलफल अगाडि बढाउन आग्रह गरेको हो । कोभिड-१९ को सङ्क्रमण नियन्त्रणका लागि लकडाउन घोषणा भएका अवस्थामा आम नेपाली जनसमुदायले आआफ्नो घरमै सेल्फ क्वारेन्टाइनमा बसी देखाएको धैर्यता र साहसको प्रशंसा गर्दै राजपाले आगामी दिनमा अझै परिस्थिति प्रतिकूल रहने सम्भावना देखिएकाले सजग र संयमित भई लकडाउनको नियम पालना गर्न पनि अपिल गरेको छ ।



समय सन्दर्भ

मो.इस्तियाक राई



## बजेटभन्दा पनि रणनीतिक योजनामै कमजोरी

कोरोना रोकथामका लागि सरकारले अहिलेको अवस्थामा सरकारले गर्नुपर्ने तयारीहरू लगभग गरिरहेको छ । सुरूवातमा स्वास्थ्य सामग्रीहरू पीसीआर, पीपीई लगायतका उपकरणहरू नहुँदा धेरै समस्या थियो । डाइग्नोसिस हुन सकिरहेको थिएन । तर अहिलेको अवस्थामा लगभग-लगभग सुधार भएको छ ।

मैले चैत १६ गते नै सम्मानीय प्रधानमन्त्रीलाई एउटा पत्र लेखेर अनुरोध गरेको थिएँ । २०७६/७७ का लागि विनियोजित बजेटको संसदीय विकास कोष, शहरी विकास कार्यक्रम, अन्य पुँजीगत र अत्यावश्यक कामबाहेक सम्पूर्ण बजेटहरूलाई रकमान्तर गरेर कोरोना भाइरस कोषमा लग्नुपर्छ र पूर्वतयारी पहिले गर्नुपर्छ भनेर प्रधानमन्त्रीज्यूलाई आग्रह गरेको थिएँ । स्वास्थ्य सामग्री वा किटहरू अहिले पूरा विश्वमै अभाव भइरहेको छ त्यसकारण पूरै तयारी गर्नुपर्छ । अझै पनि नेपाल सरकारले ती सबै बजेटहरू रकमान्तर गरिसकेको छैन, केही आंशिकरूपमा मात्रै गरेको छ । तर अहिले २०७६/७६ को सम्पूर्ण खर्च सम्झौता भइसकेकोले रकमान्तर गरेर ल्याउनुपर्छ भन्ने मेरो मान्यता हो । तर, अहिले नेपाल सरकारको सबै कदमहरूमा सबैले सहयोग गर्नुपर्छ । किनकि यो महासंकटसँग हामी सबै मिलेर लड्नुपर्छ । त्यसपछि मात्रै हामी कोरोनाविरूद्धको लडाइमा विजयी प्राप्त गर्न सक्छौं ।

हाम्रो सरकारसँग बजेटभन्दा पनि रणनीतिक योजनामै कमजोरी देखिएको छ । अन्य बजेटहरू खर्च भएका छैनन् । यो वर्षको संसदीय विकास कोषको रकम केही मात्रामा बाँकी होला त्यो रकमलाई कोरोना कोणमा राख्नुपर्छ र आगामी आर्थिक वर्षको रकमलाई कोरोना रोकथाम र राहतमै राख्नुपर्छ । हामी संघीय सांसद, मन्त्री लगायतका कम्तीमा ६ महिनाको पारिश्रमिक कोरोना कोषमा राख्नुपर्छ । प्रदेश र स्थानीय सरकारलाई जसरी संघीय सरकारले आह्वान गरेको छ, उहाँहरूको एक वर्षको पैसाहरू कम्तीमा कोरोना नियन्त्रण कोषमा लैजानुपर्छ । अतिआवश्यक काममा खटिनेहरू जस्तै अधिकृतभन्दा तलका पदाधिकारीहरू, स्वास्थ्यकर्मीहरू, नगरपालिकाका सरसफाइकर्मीहरू जसले प्रत्यक्षरूपमा खटेर अहिले सेवा दिइरहेका छन्, उहाँहरूको भत्ता तलब वृद्धि गरेर लैजानुपर्छ । मैले यी कुराहरू पहिला नै प्रधानमन्त्रीलाई आग्रह गरिसकेको छु ।

हामीले दिने सुझावहरू सरकारले लिने वा नलिने कुराभन्दा पहि यी सब कुराहरू अहिलेको आवश्यकता हो । स्वास्थ्यकमीहरूको ५० लाखको बीमाभन्दा पनि प्राथमिकताका कुराहरूमा ध्यान दिनुपर्ने हुन्छ । सबभन्दा पहिले दिनरात खटिरहेकाहरूको मनोबल उच्च बनाउनका लागि चाहिने आवश्यक स्वास्थ्य सामग्रीहरू पुर्याउनुपर्ने हुन्छ । स्वास्थ्यकर्मीहरूको मृत्यु नै नहोस् भन्ने कुरालाई पहिला ख्याल गर्नुपर्ने हुन्छ । स्वास्थ्यकर्मीहरूलाई चाहिने आवश्यक पीपीई लगायतका उपकरणहरू नै पहिलो प्राथमिकता हुनुपर्छ । मृत्यु भएका परिवारलाई भोली विशेष प्राथमिकता दिनुपर्ने हुन्छ ।

म अहिले प्रदेश ५ को सदमुकाम नेपालगन्जमै छु । यहाँ अहिलेसम्म पनि सरकारले स्वास्थ्य सामग्रीहरू पूर्ति गर्न सकेको छैन, अभाव नै देखिन्छ । अहिलेसम्म प्रदेश ५ मा त्यस्तो केशहरू देखिएका छैनन् तर उच्च जोखिममा अवश्य नै छ । तसर्थ मलाई लाग्छ कि अहिलेसम्म पनि स्वास्थ्यकर्मीहरूका लागि चाहिने आवश्यक सामग्रीहरूको अभाव नै छ । जनतालाई बचाउनु सबभन्दा प्रमुख दायित्व हो । अहिलेको अवस्थामा कुनै जनप्रतिनिधिले आफ्ना कार्यकर्ता वा मतदाताभन्दा पनि सबैको जीउज्यान जोगाउनु नै पहिलो प्राथमिकता हो । तर यहाँ जनप्रतिनिधिहरूले आफ्ना आसेपासे, मतदाता र कार्यकर्ताहरूलाई मात्रै छानिछानी राहत दिइरहेको अवस्था छ । कोरोनाबाट प्रभावित भएका दैनिक ज्यालादारी गर्ने वास्तविक पीडितहरू समक्ष अहिलेसम्म पनि राहत पुग्न सकेको छैन । नेपालगन्जका कतिपय जनप्रतिनिधिहरूले सडेगलेका राहत वा खाद्यान्नहरू वितरण गरिरहेको हामीले हेर्ने गरेका छौं । गाइगोरूले पनि नखाने खाद्यवस्तुहरू पीडितहरूलाई वितरण गरिँदैछ । यसको विषयमा अनुगमन र नियमन गर्ने संयन्त्र छैन । त्यसको अनुगमन र नियमन हुनुपर्ये । शुद्ध, गुणस्तरीय खाद्यवस्तुहरू पीडितहरूलाई वितरण हुनुपर्छ । मैले आफ्नो व्यक्तिगत खर्चबाट यहाँका पीडितहरूका लागि मेरो निर्वाचन क्षेत्रमा वितरण गरेको छु ।

## सम्पादकीय

# प्रदेश सरकारको कमजोर भूमिका

चीनको हुवेइ प्रान्तको वुहान क्षेत्रमा गत डिसेम्बर ३१ मा पहिलोचोटी फेला परेको कोरोना भाइरसले आज विश्वलाई भयभीत, त्रसित र स्तब्ध बनाएको छ। कोरोना भाइरसको महामारीबाट सिंगो विश्वकै मानव समाज इतिहासकै सर्वाधिक कठिन मोडमा पुगेको छ। विश्वका धेरै देशमा अहिले लकडाउन गरिएको छ। नेपाल पनि चैत ११ घोषणा गरिएको लकडाउन अहिले जारी छ। विश्वका सबै मुलुक यो महामारीको संक्रममणबाट आक्रान्त छन्। विश्वका शक्तिशाली देशसमेत तहसनहस भएका छन्। विश्व स्वास्थ्य संगठनले स्वास्थ्य संकटकाल घोषणा गरेसँगै कोरोना भाइरस महामारीको त्रास विश्वभरि फैलिएको छ।

कोरोना भाइरसले मानवजातिले आजसम्म गरेको प्रगति, अनुसन्धान विकास र प्रविधिलाई नै चुनौती दिएको छ। मानव सभ्यता र आधुनिक विज्ञानलाई नै कडा चुनौती दिएको छ। यो महामारीको कारणले विश्वको अर्थ राजनीति र विद्यमान शक्ति सन्तुलन नै खल्बलिने र नयाँ शक्ति सन्तुलन निर्माण हुने आँकलन गर्न थालिएको छ। महामारीको रूपमा फैलिएको कोरोना भाइरसको संक्रमण नियन्त्रण तथा रोकथाममा प्रदेश २ सरकार पुरै उदासीन देखिएको छ। यस महासंकटको घडीमा आफ्नो मातहतको संरचनामार्फत अग्रभागमा रहेर तयारीको काम युद्धस्तरमा अगाडि बढाउनुपर्नेमा प्रदेश २ सरकार अनुदानदाताको भूमिकामा मात्र सीमित छ। गाउँपालिका र नगरपालिका तथा संघ मातहतका जिल्ला प्रहरी

**कोरोना नियन्त्रणका लागि प्रदेश २ सरकारबाट भइरहेका कार्य र प्रयास ठिक भएपनि कार्यान्वयन पक्ष फितलो देखिएको छ।**

कार्यालय, प्रहरी, जेललगायतका निकायलाई आफ्नो बजेट बाँड्ने तर आफू भने केही पनि देखिने काम नगर्ने प्रदेश सरकारको रवैया नितान्त गलत छ। भारतसँग रोटीबेटीको परस्पर सम्बन्ध एवं खुल्ला सीमाका कारण पनि अन्य प्रदेशको तुलनामा यो प्रदेश थप जोखिमयुक्त र विशेष संवेदनशील छ तर विडम्बना संघीय सरकारले उपलब्ध गराएको पीसीआर परीक्षण प्रविधिका अलावा हालसम्म प्रदेश सरकारले कोरोनाको संक्रमण परीक्षणका लागि आफ्नो तर्फबाट परीक्षणशालाहरू आरटी पीसीआर निर्माण गर्न त परै जाओस्, सामान्यतया यस क्षेत्रमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी र सरसफाइ कर्मचारीहरूलाई अहिलेसम्म गुणस्तरीय सुरक्षा सामग्री उपलब्ध भएको छैन।

कोरोना नियन्त्रणका लागि प्रदेश २ सरकारबाट भइरहेका कार्य र प्रयास ठिक भएपनि कार्यान्वयन पक्ष फितलो देखिएको छ। सरकारको कार्यान्वयन पक्ष फितलो मात्र छैन व्यवस्थापकीय कार्यक्षमता र कार्यशैली पनि सहि दिशामा छैन। प्रकोप संक्रमणको नियन्त्रण तथा रोकथामका लागि प्रयास भइरहेता पनि दुर्भाग्यवस प्रदेश २ मा प्रकोप फैलिन थालिएको छ। यो ज्यादै खतराको संकेत र गम्भीर चिन्ताको विषय हो। सकेसम्म यो परिस्थितिलाई आजको यही बिन्दुमै रोक्न प्रदेश २ सरकार र त्यहाँका जनताको सामूहिक र सार्थक प्रयास अत्यावश्यक छ।

प्रकोप नियन्त्रण र राहत व्यवस्थापन कार्यमा प्रदेश र स्थानीय तहका सरकारहरूलाई थप र स्पष्ट जिम्मेवारी दिन तथा आवश्यक साधन श्रोत उपलब्ध गराउन जरूरी छ। स्थितिलाई अनियन्त्रित एवं विस्फोटक हुनबाट रोक्न सरकारले अविलम्ब परीक्षणको दायरालाई बढाउनु पर्छ। साथै आवश्यक दक्ष प्राविधिक जनशक्ति परिचालन गरेर परीक्षणको दायरा व्यापक तुल्याउन आवश्यक भएको छ।

# कोरोनाको वैश्विक आतंक र नेपाल

## विचार-विश्लेषण भाग-६३



**उपेन्द्र झा**

**स्वास्थ्य क्षेत्रमा अत्याधुनिक प्रविधि र उपकरणबाट सम्पन्न सामर्थ्यवान देशहरूलाई कोरोनाले तबाही मचाएको अवस्थामा नेपाल जस्तो अल्प विकसित मुलुकमा यो प्रकोप प्रवेश गर्‍यो भने के होला ? अहिलेसम्म कोरोनाको प्रवेश हुन नसकेकोमा खुशी मनाउनभन्दा सतर्कता अपनाउन जरूरी देखिन्छ।**

चीनको वुहान शहरबाट जनवरी २०२० को तेस्रो साताबाट आएको कोरोना भाइरस आफ्नो सामर्थ्यको बाबजुद पनि चीनलाई त्राहिमामको अवस्थामा पुर्‍याई दियो। सुख्खायामको आगो जस्तै अनियन्त्रित रूपमा संक्रमण बढाउँदै लाखौंको संख्यामा चिनियाँ नागरिकलाई शिकार बनायो। चीनमा प्रति घन्टा २५० जना कोरोना भाइरसबाट संक्रमित हुँदै जाने घटनाले सारा संसारलाई भयभीत बनायो। विश्व स्वास्थ्य संगठनले यसलाई महामारीको रूपमा घोषणा गर्‍यो।

हरेक प्रविधि र अत्याधुनिक स्वास्थ्य उपकरण तथा क्षमतावान वैज्ञानिक र डाक्टरबाट समर्थ चीन कोरोनाको तीव्रता र संक्रमण र कोरोना भाइरस प्रभावित व्यक्तिको मृत्युको तेज गतिले केही दिनका लागि असमर्थ बनायो। यो महामारीको रोकथाम, उपचार तथा व्यवस्थापन सम्बन्धित कार्य सम्पूर्ण एक साथ गर्नु पर्दा चीन केही समय लागे पनि अहिले विश्वका लागि सबक बनेको छ। २३ जनवरीमा सामाजिक पृथकीकरण (Social distance) गर्न चिनियाँ सरकारले कडाइका साथ यो कानून ल्यायो। सबैलाई आफ्नै घरमा रहन बाध्य बनाएपछि कोरोनाको संक्रमण दर घट्न थाल्यो। अकस्मात् नवीन किसिमको भाइरसको सामना गर्दा अध्ययन, अनुसन्धान र उपचारमा समय लागेपनि धेरै कम समयमा (१ महिना) चीनले बडो कुशलतापूर्वक नोवेल कोरोना भाइरस (Covid-19) माथि नियन्त्रण कायम गर्‍यो। यस दरम्यान ३२०० चिनियाँ नागरिक मृत्युका शिकार भए।

चीन बल्ल अहिले चैनको साँस फेरेको छ। २३ जनवरीबाट सुरू गरेको लकडाउन २५ मार्चमा हटाएको छ। कोरोना संक्रमण शून्यमा झार्दा चीनले जहाँ राहतको साँस फेर्‍यो। इटली, फ्रान्स, स्पेन, अमेरिका, ब्रिटेन, भारत लगायत संसारको २०५ देशमध्ये १९६ देश कोरोना भाइरसबाट त्रस्त हुन पुगेको छ। अहिले इटली, स्पेन, इरान, फ्रान्स, ब्रिटेन, जर्मनी, अमेरिका, भारत देशहरूमा संक्रमण तीव्र रूपमा बढेको छ। इटली, स्पेन, इरान, अमेरिकाले आफ्नो हजारौं नागरिक कोरोनाको प्रकोपमा गुमाइसकेका छन्। चीनको सबक सिक्न नसकेको इटली, इरान, स्पेनमा मानव क्षति बढी भएको छ। इटलीले त हजारौं नागरिक गुमाउँदा पनि कोरोना संक्रमणलाई नियन्त्रण गर्न सकेको छैन।

कोरोनामाथि नियन्त्रण पाउन चीनले अपनाएको विधि, प्रविधि नै संसारको लागि उपयुक्त रहेको सबैले स्वीकारेका छन् र सबै देश यही प्रयोग गर्दै छन्। चीनले पहिले संक्रमण रोक्न सामाजिक पृथकीकरण (Social distancing) विधि अपनायो। दोस्रो संक्रमितहरूलाई आइसोलेशन विभागमा (पृथक विभाग) राखेर उपचार गर्न थाल्यो। कोरोना संक्रमित व्यक्तिहरू उपचारबाट निको हुन थाल्यो। तेस्रो मास्क लगाउने, साबुन पानीले हात धुने, मुख, नाक, आँखालाई हातले नछुने, आफूले प्रयोग गर्ने पोशाकहरू दिनदिनै सफा गर्ने, आफ्नो वरिपरि सरसफाई राख्ने, धाममा बस्ने, स्वच्छ खानपान गर्ने, शाकाहारी भोजन ग्रहण गर्ने आदि निर्देशनबाट चीनले आफ्नो नागरिकलाई अनुशासित बनायो। नागरिकको सहयोग पाएर चीनले कोरोनाको महामारीबाट बच्यो।

विश्वमा अहिले लाखौंको संख्यामा कोरोना संक्रमित व्यक्तिहरू छन्। यसमा उपचारबाट निको भएको पनि लाखौं छन्। अर्थात् यस महामारीलाई नियन्त्रणमा लिन २५द्ब सफलता हासिल भएको छ। तर संक्रमण दरमा वृद्धि भएन भने यो सफलताको अर्थ हुन्छ। चीनले ३२०० मानव क्षति बेहोरेर कोरोनामाथि नियन्त्रण पायो तर इटलीले हजारौं नागरिक गुमाए पनि महामारीलाई नियन्त्रणमा लिन सकेको छैन।

हाम्रो छिमेकी देश भारतमा कोरोना संक्रमित रोगीहरूको संख्या दश हजारभन्दा बढी पुगेको छ। चार सयभन्दा बढीको मृत्यु भइसकेको छ भने पाँच सयभन्दा बढी निको पनि भएका छन्। नेपालसँग खुल्ला सिमाना जोडिएको भारतमा पनि कोरोना भाइरसको पदार्पण भइसकेको छ। चीनमा कोरोनाले मचाएको विनाशलीलालाई भारतीय प्रधानमन्त्रीले राम्ररी हेरिसकेकोले उनले २२ मार्चमा एक सप्ताहका लागि घरमा बस्न आफ्ना नागरिकलाई बस्न आग्रह गरेको थियो। केही हदसम्म प्रधानमन्त्रीको आग्रह सफल रहेपनि बाहिर निस्किने क्रम रोकिएन। २५ मार्चदेखि सम्पूर्ण देशलाई लकडाउनमा राख्न १४ अप्रिलसम्म २१ दिनको समय सीमा राखेर घोषणा गर्‍यो। अहिले भारत २१ दिनका लागि बिलकुल लक भएको छ। कोरोनाले भारतमा आफ्नो उपस्थिति जनाएपछि यसको प्रवल वेगलाई रोक्न चीन जस्तै भारतले पनि सामाजिक पृथकीकरणको विधि अपनाएको छ।

चीन र भारतको बीचमा रहेको नेपाल कोरोना भाइरसको उच्च जोखिममा छ। २०२० लाई पर्यटन वर्ष घोषित गरेको नेपाल वर्षको सुरूवातमा नै कोरोनाको प्रकोप भोग्नुपर्‍यो। विश्वभरि कोरोनाको आतंक फैलिइरहेको अवस्थामा पर्यटन वर्ष २०२० को औचित्य त्यसै निस्तेज भएको छ। विश्वका पर्यटकहरूको गन्तव्य स्थल रहेको नेपालमा कोरोना संक्रमण नरहे पनि यो आँधी जतिबेला पनि नेपाललाई आफ्नो चपेटामा लिने प्रवल सम्भावना रहेको छ।

स्वास्थ्य क्षेत्रमा अत्याधुनिक प्रविधि र उपकरणबाट सम्पन्न सामर्थ्यवान देशहरूलाई कोरोनाले तबाही मचाएको अवस्थामा नेपाल जस्तो अल्प विकसित मुलुकमा यो प्रकोप प्रवेश गर्‍यो भने के होला ? अहिलेसम्म कोरोनाको प्रवेश हुन नसकेकोमा खुशी मनाउनभन्दा सतर्कता अपनाउन जरूरी देखिन्छ।

संसार अहिले कोरोनाबाट बच्न लकडाउनको विधि अपनाएको छ। नेपालले पनि बचाउमा पूरै देशमा १२ दिनको लकडाउन गरेको छ। तर, लकडाउन अनिश्चितकालीन हुन सक्ने सूत्रले जनाएको छ।

नेपालमा ग्रामीण क्षेत्रमा अहिले पनि प्राथमिक जाँचको व्यवस्था हुन सकेको छैन। हुन त सीमानाका, हवाईसेवा, यातायात सेवा ठप्प भएको अवस्था, स्कूल, कलेज तथा मानिस जम्मा हुने सबै स्थल बन्द भएको अवस्थामा यसको प्रवेश निषेध रहने कुरा सत्य हो तर पनि मानिसमा विश्वको दृश्यले त्रास फैलाएको छ। अहिलेसम्म नेपालमा कोरोना नआउनुप्रति पनि बुद्धिजीबीले शंका गर्न थालेको छ। तर यसमा कुनै सत्यता छैन। कोरोना आगोको लप्का जस्तै बस्तीका बस्ती सखाप पार्ने क्षमता राख्दछ। यसलाई कसैले लुकाएर लुक्दैन।

कोरोनासँग लड्न नेपाल सरकार पर्याप्त छैन। नागरिकको सहयोग उत्तिकै आवश्यक छ। चीन र भारतले पनि उपचार सामग्रीबाट सहयोग गर्ने वचन दिएको छ। केही दिन हामी घरमा बसेर सरकारलाई सहयोग गरौं र नआएको कोरोना भाइरसलाई नेपाल छिर्न नदिउँ। नेपालमाथि पशुपतिनाथको कृपा रहेको यस बेला सत्यापन भएको छ।

*janukjha24@gmail.com*

# सांसद विकास कोष भन्दै निजी सम्पति जस्तो ठान्न थाल्यो



**राजेन्द्र श्रेष्ठ**

विश्वको २२० भन्दा बढी देशमा कोरोना भाइरस (कोभिड-१९) को प्रकोप फैलिसकेको अवस्था छ। नेपालमा तुलनात्मकरूपमा अहिलेसम्म समुदाय तहमा गइसकेको स्थिति छैन। त्यस हिसावले नेपालका लागि सकारात्मक कुरा नै हो। तर, अहिलेसम्म नेपालमा त्यो प्रकारले नफैलिनु भगवान भरोसा नै भन्नुपर्छ। किनभने नेपालमा जुन ढंगले रोकथामका, नियन्त्रण र प्रतिरोधका कामहरू हुनुपर्दथ्यो, त्यो ढंगले भएको देखिएको छैन। अहिले सरकार एक्लै हिंडिरहेको अवस्था छ। हामीले बारम्बार स्पष्टका साथ भन्दै आएका छौं कि कोरोना एउटा सामान्य अन्य रोग जस्तो होइन। कोभिड-१९ एक्काइसौं शताब्दीमा नै मानव समुदायमा सबैभन्दा ठूलो मानवीय संकट उत्पन्न गरेको हो। नेपालमा पनि संक्रमितहरू फेला परिरहेको परिस्थितिमा यसले हाम्रो राष्ट्रिय जीवनमा उत्पन्न गर्न सक्ने मानवीय, सामाजिक र आर्थिक संकटहरू छन्। यसका लागि हामीसँग आर्थिक स्रोतसाधनहरूको अभाव नै छ। यस्तो स्थितिमा सबै क्षेत्रबाट सहयोग जुटाउने गरी सबभन्दा पहिला राजनीतिक क्षेत्रबाट नै एकाकार भएर जानुपर्छ। त्यसकारणले यो विषम् परिस्थितिमा कोरोनो नियन्त्रण र प्रतिरोधका लागि समग्र रणनीतिक योजनाहरूको निर्माण, त्यसको प्रभावकारी कार्यान्वयन र व्यवस्थापन कार्यमा सहकार्यका लागि संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दलहरू, जनस्वास्थ्य विज्ञहरू, सञ्चारकर्मीहरू, मानवअधिकारवादीहरू सबै संलग्न भएको एउटा सर्वपक्षीय उच्चस्तरीय समिति बनाऔं। त्यसले योजना बनाउने, कार्यान्वयन गर्ने र व्यवस्थापन गर्ने गर्छ। यसले सिंगो देश एकढिक्का छ भन्ने सन्देश दिन्छ भन्ने कुराहरू प्रधानमन्त्रीलाई सुझाव दिएका थियौं। तर आजसम्म पनि उहाँहरूले सर्वपक्षीय उच्चस्तरीय समिति निर्माण गर्न पहल गरेको देखिँदैन।

अर्कोतर्फ जो स्वास्थ्यकर्मीहरू, कर्मचारी, सरसफाइ मजदूर, सुरक्षाकर्मीहरू खटेका छन् तिनीहरूका लागि पनि उपयुक्त ढंगले व्यवस्थापन गर्ने काममा सरकार चुकेको स्थिति छ। कोरोना उपचारका लागि सबैभन्दा अग्रिम मोर्चामा चिकित्सक, नर्स, स्वास्थ्य प्राविधिकहरू, सरफाइ कर्मचारी, औषधि विक्रेताहरू, एम्बुलेन्स चालकहरू हुन्छन्। ती सबैका लागि एउटा फन्ड क्रिएट गरेर कम्तीमा ५० लाख बराबरको स्वास्थ्य बीमा घोषणा गरौं र उहाँहरूको प्रोत्साहन पनि हुन्छ भनेका थियौं।

देश विकास भनेको समष्टिमा मानव विकास हो। शिक्षा, स्वास्थ्य, यातायात, सहरी विकास, खानेपानी, विद्युतीकरण, उद्योग, कलकारखाना लगायतका भौतिक पूर्वाधारहरूको विकास मानव समुदायकै सुख र समृद्धिका लागि हो। त्यसैले देश विकास भनेको समस्टीमा मानव विकास नै हो। देश विकासका लागि राज्यले संघ र प्रदेश दुबैमा निर्वाचन क्षेत्र विकास कोषको रूपमा जनताको करबाट बजेट विनियोजन गर्ने गरेको छ। यसले सुरूवाती कालमा राम्रो परिणाम नदिएको होइन। तर विस्तारै विस्तारै यो भ्रष्टाचार र कार्यकर्ता पोस्ने साधन बन्न गयो। आर्थिक वर्ष २०७६र७७ मा सङ्घमा ९ अरब ९० करोड र ७ वटा प्रदेशमा ६ अरव ६० करोड गरी १६ अरव ५० करोड विनियोजन भयो, जुन छरितो कामका नाममा अत्यधिक रूपमा पार्टी कार्यकर्ताहरूको उपभोक्ता समिति वा ठेकदार कार्यकर्ताको हातमा गयो। यसलाई 'सांसद विकास कोष' भन्दै निजी सम्पति जस्तो ठान्न थाल्यो।

निर्वाचन क्षेत्र विकास कोष राज्यकोषबाट छुट्याएको विकास कोष हो, कसैको निजी कोष होइन। तर यसलाई सांसद विकास कोष भनेर निजी सम्पति बाँडेको जस्तो प्रचार गर्न थाले। त्यसैले यसरी बजेट विनियोजन हुनु अनुपयुक्त मात्र होइन अनुचित पनि छ। अहिले सम्मको अनुभवको आधारमा यसरी छुट्याएको रकमको दुरूपयोग बढी भएकाले यसलाई रोक्नु पर्दछ। आजभोली नागरिक समाज र प्रेस जगतमा त निर्वाचन क्षेत्र विकास कोष होइन 'सांसद विकास कोष' भनेर यसको बदनाम हुन थालेको छ। यसका विरूद्ध अख्तियार र सर्वोच्च अदालतमा पनि मुद्दा गयो। अख्तियार दुरूपयोग अनुसन्धान आयोगका पूर्व प्रमुख आयुक्तहरू, न्यायधिशहरू तथा नागरिक समाजका अगुवाहरूले पनि यसलाई खारेज गर्नुपर्ने सुझाव दिए। अहिले पनि यसको विरूद्ध सर्वोच्चमा मुद्दा छ।

यतिबेला कोविड-१९ नामले कोरोना भाइरसको प्रकोपबाट विश्व नै आक्रान्त छ। कोविड-१९ ले उत्पन्न गरेको संकट एक्काशौं शताव्दीमा मानव समुदायमा देखापरेको अहिलेसम्मकै सबैभन्दा ठूलो मानवीय सङ्कट हो। यो नेपालमा पनि प्रवेश गरिसकेको छ। यसले हाम्रो राष्ट्रिय जीवनमा उत्पन्न गर्न सक्ने मानवीय तथा आर्थिक सङ्कटका सम्बन्धमा सबैले एकजुट भएर लड्नु पर्दछ। यसका लागि हामीसँग आर्थिक तथा भौतिक स्रोत साधनहरूको अभाव छ नै। त्यसैले यतिबेला संसदमा प्रतिनिधित्व गर्ने सबै दलहरू मिलेर राज्यको सञ्चित कोषबाट बजेटको व्यवस्था गर्ने तथा 'सांसद विकास कोष'को नाममा बदनाम निर्वाचन क्षेत्र विकास कोष खारेज गरी त्यसलाई कोरोना नियन्त्रण तथा प्रतिरोध कोषमा राख्नु पर्दछ।

कोविड-१९ विरूद्धको मानव समुदायको यो लडाँइमा विश्वका सबै देश र नागरिक आ-आफ्नो तरिकाले संलग्न छन्। यस्तो बेलामा धैर्यता, साहस, संकल्प, सहकार्य र उच्च मनोवलको आवश्यकता हुन्छ। तर उच्च मनोबलले मात्र यो समस्या समाधान हुँदैन। यस्तो नरसंहारकारी भाइरस कौशीमा सूर्यदर्शन गरेर, दियो बालेर, ताली बजाएर र देवी देवता भाकेर समाधान हुँदैन। आधुनिक चिकित्सा पद्दति विकासका लागि नेपालले पनि विश्व स्तरमा सहकार्य गर्नु पर्दछ।

*(सहअध्यक्ष तथा प्रतिनिधिसभा सदस्य, समाजवादी पार्टी)*

# कोरोना रोकथाममा सरकारले केही छुद्र काम गर्‍यो

## प्रधानमन्त्री पूरै निर्भरता उहाँका कलिग मिनिस्टरहरूप्रति छ। कलिग मिनिस्टरहरू डेलिभरी गर्न सक्ने एक्टरको रूपमा प्रस्तुत गर्नुभन्दा पनि उनीहरू पोष्टर ब्वाइज जस्तो भएका छन्



**जयप्रकाश गुप्ता**

**संयोजक, तराई–मधेश राष्ट्रिय अभियान**

**० कोरोना रोकथामका लागि गरिएको लकडाउनको तेस्रो हप्ता हो, यसलाई लिनुभएको छ ?**

– कोरोना भाइरस (कोभिड-१९)नेपालको मात्रै होइन, विश्वव्यापीरूपमै समस्या छ। संसारका धेरै उन्नत र विकासशील राष्ट्रहरूले पनि अहिलेसम्म कोरोनाको औषधीय उपचार खोज्न सकेको छैन। बचाउका लागि प्रिभेन्टिभ मेजर्सहरू अपनाउँदा जुन देशले सुरूमा लकडाउनलाई महत्व दिएका थिएनन्, अहिले आएर उनीहरूले पनि अन्ततः लकडाउन नै संक्रमणलाई एउटा निश्चित सीमामा रोक्ने सर्वाधिक उचित विकल्प हो भनेर स्वीकार गरेर अपनाउन थालेको देखिन्छ। यस अर्थमा भारत जसरी लामो समयको लकडाउन गर्‍यो र त्यसैको हाराहारी नेपालले जसरी लकडाउन गर्‍यो, यो अहिलेको विकल्पहीन उपाय हो। लकडाउनको पूर्ण परिपालनले नै यो संक्रमणको विस्तारलाई सीमित पार्न सक्दछ।

**० यो लकडाउनको अवधिलाई तपाईं कसरी सदुपयोग गरिरहनु भएको छ ?**

– संयोगवश हरेक मानिस यतिखेर आफ्नो परिवारसँग बस्न चाहन्छन्, परिवारसँग बसेर विश्वव्यापी दुःख र सन्तापको घडीमा जीवन बाँच्ने उपायहरू अपनाउन चाहन्छन्। तर, परिस्थितिगत कारणले म लकडाउन घोषणा हुने बेलामा विराटनगरनजिक एउटा गाउँमा पुगेको थिएँ, जहाँ मेरो एउटा कृषि फर्म छ। म आफ्नो परिवारबाट टाढा यही छु। अहिलेको बेलामा म आफ्ना आफन्तहरूलाई मिस गरिरहेको छु। तर, म लकडाउनको पूर्ण पालन गरेको छु। जे-जे रेकोमेन्डेड कुराहरू छन्, जे-जे नगर्न भनिएको छ ती कुराहरू नगरेरै बसिरहेको छु।

**० लकडाउनमा तपाईंले गर्नुका महत्वपूर्ण कामहरू के-के छन् ?**

– हेर्नुस्, मेरो कृषि फर्म छ यहाँ। जो चारैतिरबाट घेराबेराभित्र छ। यहाँ पूरै हरियाली छ, केही गाईवस्तुहरू छन्, केही भैंसी छन्, चराचुरूङ्गी छन्। मेरो आफ्नो सवारीको घोडा छ र १०-१२ वटा माछा पोखरीहरू छन्। सागसब्जी, तरकारीका केही क्रियाकलापहरू पनि मैले पहिलेदेखि नै सञ्चालन गरिआएको छु। दैनिक आवश्यकताका सम्पूर्ण कुराहरू मैले आफ्नै उत्पादनबाट उपयोग गरिरहेको छु। मैले खाने चामल, दाल, सागसब्जी, दुध, अण्डा, फलफूलगायत एउटा फर्ममा जेजति उत्पादन हुन्छ, त्यसैको प्रयोग गरेको छु। त्यसले गर्दा मेरो निर्भरता वा आजसम्म बजार जानुपरेको छैन। जे उपलब्ध छ, त्यसैमा मैले आफूलाई सीमित राखेको छु। आफ्ना आवश्यकताहरू त्यसैमा पूरा गरेको छु। बाहिरका मान्छे पनि यहाँ आइरहेका छैनन् र मेरो बाहिर जानुपर्ने कुनै काम पनि छैन। ३-४ जना भाइहरू यहाँ कार्यरत हुनुहुन्छ। उनीहरूसँग पनि सामाजिक दूरी कायम गरेर सबै जना आआफ्नो काम गरिरहनु भएको छ। सारांशमा भन्नुपर्दा मेरो लागि एक प्रकारले मेरो समय बडो प्रोडक्टिभ ढंगले बितिरहेको छ। मौसमी हिसावले अहिलेको दिन लामो भएपनि मेरो व्यवस्तताका कारण दिन छोटो भएको देख्दछु।

**० नेपाली जनतालाई लकडाउन कसरी सदुपयोग गर्न सल्लाह दिनुहुन्छ ?**

– यो लकडाउन कुनै राजनीतिक पार्टीले गरेको आह्वान होइन अथवा विरोधको कुनै राजनीतिक कार्यक्रम पनि होइन। वास्तवमा राज्यले जनतालाई दिनुपर्ने सुविधाको सन्दर्भमा अथवा औषधोपचारको समुचित व्यवस्थाको सन्दर्भमा अथवा बाहिरबाट आयात गर्ने प्रक्रियाको सन्दर्भमा केही गल्तीहरू गरेको होलान्। जसको व्यापकरूपमा चर्चा परिचर्चा भइरहेको छ। तर, राज्यले जुन लकडाउनको घोषणा गर्‍यो, यसको कुनै विकल्प छैन। तसर्थ, सरकारका कमी कमजोरीहरू आफ्नो ठाउँमा छ। तर, यो लकडाउनको घोषणा भनेको हाम्रो जीवन रक्षाका लागि भएकोले सबैले यसको परिपालन गर्नुपर्दछ। किनभने हामी भयावह तस्वीरहरू हेरिरहेका छौं। एक जना संक्रमित मानिसको हेल्चेक्र्याइँले गर्दा सयौंको संख्यामा मानिसहरू संक्रमित हुनसक्छन्। उदाहरणका लागि भारतमा एउटा ठूलो चर्चा देखियो निजामुदिन मस्जिदको। केही मान्छेको हेल्चेक्र्याइँ अथवा अज्ञानताले भारतको २६ वटा राज्य प्रभावित भयो र अर्बौंअर्ब रकम सरकारले अनाहकमा खर्च गर्नु पर्‍यो। तसर्थ, सबैले बडो जिम्मेवारीपूर्वक यो अवस्थाको गम्भीरतालाई बुझेर परिपालनका लागि उचित वातावरण बनाउनुपर्दछ।

**० कोरोनाविरूद्ध लड्न सरकारको प्रयासलाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

– एकसे एक हैसियतवाला राष्ट्रहरू मानव बस्ती जसको लागि अपर्याप्त भएर जसले चन्द्रमा र मंगल ग्रहमा बस्ती बसाउने सोच राखेका थिए अहिले तिनीहरू यस प्रकोपका अगाडि पराजित भइसकेका छन्। अमेरिका जस्तो देश जसको अगाडि भारत अथवा भारतजस्ता देशहरू सीमितरूपमा प्रस्तुत हुने गर्दथे, अहिले अमेरिकाले क्लोरोक्विनका लागि भारतलाई सविनय अनुरोध गरेको अवस्था देखियो। हाम्रो देशले यस्तो महामारीसँग कसरी लड्ने भन्ने सोच नबनाएको मुलुक हो। तैपनि सरकारले लकडाउन घोषणा गर्‍यो त्यो त ठिक छ। तर, पनि सरकारले अहिले गर्नुपर्ने अत्यावश्यक कामहरू छन्, गर्न सकिरहेको छैन। सरकारले गर्ने साना-साना कुराहरूमा अहिले विवाद उत्पन्न भइरहेका छन्। र यो विवाद एक पार्टीलाई सरकारबाट हटाएर कोही सत्तामा आउनका लागि गरेको जस्तो लाग्दैन। ती विवादहरूलाई हामी सर्वसाधारणको आँखाबाट हेर्दा बडो युक्तिसंगत विवादहरू छन्। सरकारले यी सबै कुराहरूमा गम्भीरतापूर्वक ध्यान दिनुपर्दछ। सरकारले केही राम्रा कामहरू पनि गरिरहेको छ। तर केही छुद्र कामहरूले गर्दा सरकारका सबै राम्रा कामहरूमा कालो पोत्ने काम भइरहेको छ। यस विषयमा सरकार बढी सचेत हुनुपर्दछ।

**० सरकारले कोरोना संक्रमणका लागि चालेको कदममा कहाँ-कहाँ चुक भएको छ ?**

– पहिलो कुरा त हामीसँग यथेष्ट मेडिकल फेसिलिटिज छैन। अन्य देशहरू पनि यसका लागि कुनै तयारी गरेर बसेको थिएन। तर, सीमित साधनस्रोतबाट हामी सक्षम तयारीहरू जसरी गर्नु पर्दथ्यो त्यो भएन। सारा संसारले अन्तराष्ट्रिय आवागमनलाई सरकारले रोक्न थालेकोमा पनि हामीले केही बचकाना हर्कतहरू गर्‍यौं। हाम्रो देशलाई कोरोनारहित देश घोषणा गर्नुपर्दछ भन्ने जस्ता कुराहरू जिम्मेवार मन्त्रीहरूले गरे। हाम्रो सौभाग्य यो पनि हो कि यहाँ एउटा मात्र अन्तर्राष्ट्रिय विमानस्थल रहेको छ। तैपनि हामीले आवागमनलाई रोक्नका लागि ढिलाई गर्‍यौं। जुन जनता भारतसँगको खुला सिमानालाई सिल गर्दा दुःख पाउनेवाला थियो, स्वयम् जनताले नै भन्न थालेका थिए कि सीमा सिल गर्नुपर्छ। तर, सरकार सीमा सिल गर्न ढिलाई गर्‍यो। अहिले अचानक लकडाउन गरेपछि ठाउँ-ठाउँमा मान्छेहरू अड्किए। अब दारूण तस्वीर आइरहेको छ कि श्रमिक वर्गका मान्छेहरू ४००-५०० किलोमिटर पैदल हिंडेर आफ्नो घर आउन खोजिरहेका छन्। उनीहरूलाई खाना, समुचित वासको व्यवस्था छैन। सर्वोच्च अदालतले सरकारलाई निर्देशन दिएको छ। सरकारले उद्योगहरूलाई निर्देशन दिएको छ कि तपाइहरूले आफ्ना कामदारहरूको जिम्मेवारी लिनुस्। तर यी कुनै पनि कुराहरू परिपालन भइरहेको देखिँदैन। यी सब कुराहरूलाई हेर्दा सरकारले एउटा पपुलिष्ट कुरा गर्नुभन्दा यसलाई कसरी व्यावहारिकरूपमा कार्यान्वयन गर्ने तर्फ ध्यान गएको छैन। यहाँनिर सरकार चुकिरहेको छ।

**० कोरोनाबाट जोखिममा परेका अर्को पक्ष गरिब र दैनिक ज्यालादारी गर्नेहरूका लागि सरकारले कस्तो कार्यक्रम ल्याउनुपर्ने थियो ?**

– भारतको दिल्लीकै उदाहरण लिउँ। दिल्ली विश्वकै सबैभन्दा ठूलो श्रम बजार हो। जहाँ करोडौं मानिस दैनिक ज्याला गरेर गुजारा गरिरहेका छन्। उनीहरूका लागि त्यहाँको सरकारले व्यवस्था गरेको छ। अस्थायी शिविरहरू बनाइएको छ। लाखौं मानिसहरूलाई बिना श्रम भोजन उपलब्ध गराइएको छ। केही उथलपुथल भएपनि थोरै समयमा यसलाई व्यवस्थित गर्‍यो। हामीले नेपालको कुरा गर्दा नेपाली जनताले नै दुई अर्बभन्दा बढी रूपैयाँ राहतका लागि दिइसकेको छ। सरकारी निकायहरूको तलब र बजेटबाहेक नेपाली जनताले दुई अर्बभन्दा बढी रकम उपलब्ध गराएका छन्। दुई करोड रूपैयाँ सरकारले दैविक प्रकोप राहत कोषमा राख्ने तर काठमाडौं ५-१० हजार मानिस खान नपाएर बरू मर्छु भनेर भोकभोकै हिंडेका छन्। यी कुराहरू त घोर अव्यवस्थाका कुराहरू हुन्। यी सबै कामहरूमा सरकार संवेदनशील भएर लाग्नुपर्दछ।

**० प्रधानमन्त्रीले सम्बोधन पनि गर्नुभएको छ, कसरी विश्लेषण गर्नुहुन्छ ?**

– प्रधानमन्त्री एउटा सक्रिय व्यक्ति त हुनुहुन्छ तर उहाँको स्वास्थ्य अवस्था पनि अत्यन्त कमजोर छ। एक त उहाँ आफ्नै रोगका कारण जोखिममा हुनुहुन्छ र यो कोरोनाबाट अझ उहाँ जोगिनुपर्ने अवस्था छ। त्यसले गर्दा प्रधानमन्त्री पूरै निर्भरता उहाँका कलिग मिनिस्टरहरूप्रति छ। कलिग मिनिस्टरहरू डेलिभरी गर्न सक्ने एक्टरको रूपमा प्रस्तुत गर्नुभन्दा पनि उनीहरू पोष्टर ब्वाइज जस्तो भएका छन्। त्यसले गर्दा देशको प्रधानमन्त्री नै फिजिकली इन्क्यापेबल भएको अवस्थामा मन्त्रीहरू जिम्मेवार नहुँदा प्रधानमन्त्रीको देशवासीको नाममा गरिएको सम्बोधन कार्यान्वयनमा यथेष्ट शंका उठ्नु स्वाभाविकै हो।

**० अब अन्त्यमा, लकडाउनको अवस्थामा जनतालाई के सन्देश दिन चाहनुहुन्छ ?**

– हिजो जस्तो अब हामीले सबै कुरा केपी शर्मा ओलीजीलाई मात्रै हेरेर भएन। यो कुराकानीमा हामीले अधिकांश कुरा संघीय सरकारका बारेमा गर्‍यौं। तर अहिले नेपालमा प्रादेशिक र स्थानीय सरकार पनि छन्। अब ठूलो जिम्मेवारी प्रादेशिक सरकारहरूको काँधमा पनि छ। तर, अहिले प्रादेशिक सरकार र स्थानीय तह कहीं देखा परिरहेको छैन। एउटा समन्वयात्मक तरिकाबाट प्रादेशिक सरकारहरूले पनि बढीभन्दा बढी भूमिका निर्वाह गर्नुपर्दछ। जनताले पनि यो भयावह परिस्थितिको मूल्यांकन गरेर सहयोगी भूमिका निर्वाह गर्नुपर्दछ।

# अझै ६ महिना लकडाउनमा जानुपर्ने अवस्थाका लागि तयारी गर्नुपर्छ

## नेपाल अझै ६ महिना लकडाउनमा जानुपर्ने अवस्थाका लागि तयारी गर्नुपर्छ। अहिले ठूलठूला राष्ट्रहरूको अवस्था हेर्नुस् कस्तो छ। शनिबार मात्रै अमेरिका जस्तो समृद्ध राष्ट्रमा एक दिनमै १३ सय जना कोरोनाका कारण मरेका छन्। इटली, स्पेन, युके लगायतका राष्ट्रहरूको अवस्था पनि त्यस्तै छ।



**डा.सीके राउत**

**अध्यक्ष, जनमत पार्टी**

**० कोरोनाको संक्रमण नेपालमा फैलिन थालेको छ, सरकारको तयारी कस्तो देख्नुहुन्छ ?**

– कोरोनाको संक्रमण अब नेपालमा पनि फैलिँदै गइरहेको छ। यसबाट बच्नका लागि सरकारको तयारी फितलो नै छ। चीन हाम्रो छिमेकी मुलुक भएकोले सुरूदेखि नै त्रासको वातावरण थियो। त्यो त्रासको वातावरणले गर्दा हामीलाई सचेत हुन मद्दत गर्‍यो। त्यसले गर्दा नै अहिलेसम्म हामी सुरक्षित छौं। सरकारले विस्तारै तयारी गर्न खोजेको त छ तर अझै पनि खासै तयारी देखिएको छैन। अझै पनि जुन मात्रामा परीक्षण हुनुपर्ने थियो, त्यो क्षमता पुगेकै छैन। प्रदेश २ को सरकारले पनि भर्खरै परीक्षणका लागि मेसिन जडान गरेको छ, त्यो पनि अहिलेसम्म मुश्किलले ८-१० जनालाई मात्र परीक्षण गर्न सकेको छ। यो एकदमै अपर्याप्त हो।

**० अहिले जसरी नेपालमा ९ जना मात्र संक्रमित फेला परेका छन्, यसभन्दा पनि बढी भेटिन सक्छन् ?**

– निश्चितरूपमा अझ बढी संक्रमितहरू फेला पर्छन्। यहाँ वैदेशिक रोजगारी र भारतमा काम गर्न जानेको संख्या धेरै छन्। विदेशबाट फर्किएकाहरूमा संक्रमण बढी नै देखिएको छ। हाम्रो नेपालमा जाँच गर्ने त्यो खालको न त किट उपलब्ध छ र ल्याबमा जाँच गर्ने संख्या एकदम कम रहेको छ। त्यो आधारमा हामीले मान्छेहरूलाई ट्र्याप पनि गर्न सकेका छैनौं। अझै पनि स्थानीय तहले विदेशबाट फर्केकाहरूको तथ्यांक राख्न सकेको छैन। यो अवस्थामा हामीले अलि जोडतोडका साथ तयारी गरेर गम्भीररूपमा लाग्नुपर्ने आवश्यकता छ।

**० हाम्रो छिमेकी चीनबाट जसरी कोरोना भाइरसले वैश्विक महामारीको रूप लियो, त्यो हिसावले हाम्रो सरकारले तयारी किन गर्न सकेन त ?**

– कोरोना भाइरसको संक्रमण फैलिएको बेला मात्रै हैन, नेपालमा अन्य पनि प्राकृतिक आपतविपद् आउँदा सरकारको गति यही नै देखिने गरेको छ। कुनै प्राकृतिक विपद् वा महामारीसँग लड्ने राष्ट्रिय तयारी यस्तै गतिले भइरहेका छन्। तर, कोरोना जसरी विश्वव्यापीरूपमा फैलिँदै गएको छ, महामारीको रूप लिएर पूरै विश्वमा आतंक मच्चाउँदैछ, यसमा गम्भीर भएर सबै पक्ष मिलेर तयारी गर्नुपर्ने अवस्था हो। तैपनि विभिन्न पक्षबाट अझै पनि ढिलासुस्ती भइरहेको छ, यसमा सबैको ध्यान अविलम्ब पुग्नुपर्छ।

**० यो वैश्विक महामारीको बेलामा सबै राजनीतिक दल र अन्य पक्षहरू पनि सरकारलाई साथ दिने प्रतिबद्धता दिँदादिँदै पनि सरकार किन गम्भीर देखिँदैन ?**

– अन्य देशहरूमा कोरोना भाइरस फैलिसक्दा पनि नेपालमा कुनै न कुनै कारणले त्यो किसिमको संक्रमण देखिएको छैन। यसका विभिन्न कारणहरू हुन सक्छन्। अन्य देशहरू जस्तै नेपालमा फैलिनसकेको कारणले पनि सरकारले ढिलासुस्ती गरिरहेको हुनसक्छ। तर समग्रमा हाम्रो आपतकालीन सक्रियता नै यस्तै रहेको छ। यो कुनै परिस्थितिवश नभएर कुनै कुरा छिटो गम्भीर नहुने नेपाल सरकारको काम गर्ने प्रवृत्ति नै यस्तै रहेको छ। यस्तो प्रवृत्ति हटाएर सरकार गम्भीर हुनुपर्छ र ठोस कदमहरू चाल्नुपर्ने आवश्यकता छ। यसमा सरकारले सबै पक्षसँग सहकार्य र समन्वय गरेर अगाडि बढ्नुपर्छ।

**० विश्वका सुपरपावर राष्ट्रहरूमा जसरी यो कोरोनाले आतंक मचाइरहेको छ, त्यो हिसावले हाम्रो जस्तो मुलुकमा किन नफैलिएको होला त ?**

– हाम्रो छिमेकी राष्ट्र चीनको वुहान शहरबाट कोरोना फैलिँदा त्यहाँ रहेका नेपाली विद्यार्थी, कामदारहरू ट्र्याप भएपछि त्रासको माहौल बन्यो। त्यसले नेपालका जनतामा चेतना फैलाउने ठूलो काम गर्‍यो। त्यो त्रासले नै नेपाली समाज सकारात्मक भूमिका खेल्यो। त्यसले गर्दा नेपाली समाज समयमै सचेत भयो। हामीले पहिलो चरणमै सामाजिक दूरी अपनाउन थाल्यौं, सचेत हुन थाल्यौं। इटली, युरोप, अमेरिका लगायतका राष्ट्रमा नफैलिएको अवस्थामा पनि हामी सचेत भइसकेका थियौं। यसका वैज्ञानिक कारणहरू पनि रहेका छन्। बीसीजीका खोज लगाउने देशहरूमा यो संक्रमणले ठूलो रूप लिन सकिरहेको छैन भन्ने तथ्यहरू आइरहेका छन्। अर्को मूल कुरा, हाम्रो यहाँ राम्ररी जाँच नै भएको छैन। कम्तीमा दुई/चार हजार मान्छेमा जाँच नै नगरिकन कसरी भन्न सक्छौं कि नेपालमा संक्रमण फैलिएको छैन। हुन सक्छ अहिले नेपालमा संक्रमित देखिएकोभन्दा बढी केसहरू छन् कि।

**० यदि नेपालमा संक्रमित फैलिएको भए मान्छे मर्नेहरूको संख्या अलि बढी नै देखिन्थ्यो नि ?**

– नेपालमा पनि मान्छेहरू मरिरहेका छन्, तर कोरोनाले मरेको हो कि होइन भनेर फरक छुट्याउन सकिएको छैन।

**० तपाईंले सामाजिक सञ्जालमार्फत् नेपालमा अझै ६ महिना लकडाउन गर्नुपर्ने सुझाव दिनुभएको छ, त्यसको तयारी कस्तो हुनुपर्ने हो ?**

– नेपाल अझै ६ महिना लकडाउनमा जानुपर्ने अवस्थाका लागि तयारी गर्नुपर्छ। अहिले ठूलठूला राष्ट्रहरूको अवस्था हेर्नुस् कस्तो छ। शनिबार मात्रै अमेरिका जस्तो समृद्ध राष्ट्रमा एक दिनमै १३ सय जना कोरोनाका कारण मरेका छन्। इटली, स्पेन, युके लगायतका राष्ट्रहरूको अवस्था पनि त्यस्तै छ। समृद्ध राष्ट्रहरू जहाँका स्वास्थ्य प्रणाली एकदम राम्रो मानिन्छ, ती राष्ट्रहरूले सम्हाल्न सकिरहेको छैन भने हाम्रो देशमा फैलिन थाल्यो भने हामी कसरी लड्ने त भनेर हाम्रो पूर्वतयारी एकदम आवश्यक छ। यस्तो आपतको बेलामा हामी त्यस्तै पनि ढिलासुस्ती छौं, त्यसका तयारी हुनुपर्छ। हामीले सुन्दा ६ महिना बढी हो जस्तो लाग्छ तर बेलायतको सरकारले कम्तीमा ६ महिना लकडाउन गर्नुपर्छ भन्ने मानसिकता बनाइसकेको छ।

**० दुई साताको लकडाउनमा त गरिब तथा दैनिक ज्यालादारी गर्नेलाई राहत उपलब्ध गराउन सकिएको छैन। ६ महिनाको लकडाउनमा विपन्न जनताको हालत के हुन्छ ?**

– लकडाउनको अलावा विकल्प पनि त छैन। कि त हामी सबै मर्न तयार हुनुपर्छ। होइन भने राहत सामग्री कसरी पुर्‍याउनका लागि हामी तयार हुनुपर्छ। हामीसँग एउटा मात्रै विकल्प छ कि लकडाउनलाई पूर्णरूपमा कार्यान्वयन गराउनका लागि अत्यावश्यक सामग्रीहरू पुर्‍याउनका लागि तत्पर हुनुपर्छ। विपन्न तथा ज्यालादारीहरूका लागि राहतको व्यवस्था गर्नैपर्छ।

**० कोरोनासँग बच्न प्रदेश २ को तयारी कस्तो देख्नुहुन्छ ?**

– प्रदेश २ को स्वास्थ्यस्थिति एकदमै विकराल रहेको छ। प्रदेश २ सरकार गठन भएको दुई वर्ष बितिसकेको छ। यो अवधिमा प्रदेश सरकारले ठूलठूला सपनाहरू त बाँड्यो। अञ्चल अस्पताल प्रदेश अन्तर्गत पर्दछ, यसमा आफ्ना मान्छेहरू नियुक्ति काम त गर्‍यो। यो दुई वर्षमा प्रादेशिक अस्पतालमा खर्च गर्नुभन्दा मठमन्दिरमा ४१ करोड खर्च गर्‍यो, गाडी किन्नमा मात्रै ३५ करोड खर्च गर्‍यो। तर कुनै पनि अस्पतालमा सुधारका लागि पहल गरिएन। कोरोना भाइरसको जोखिम बढिरहँदा ६ वटै प्रदेशमा जाँच सुरू भइसक्दा पनि प्रदेश २ मा जाँचै सुरू भएको थिएन। सुरूमा त यहाँका मन्त्रीहरूमा भागमभाग मच्यो। प्रदेश सरकारको कुनै सम्बोधन छैन, जनताले के गर्ने भन्ने अन्योलमै रहे।

**० प्रदेश सरकार गम्भीर छैन त ?**

– प्रदेश सरकार गम्भीर पनि छैन, निरीह छ र अनुभव पनि देखिएन। प्रदेशका मन्त्रीहरूको दुई वर्षको काम गराइ हेर्दा पनि उद्घाटन गर्ने, सभा सम्मेलनमा भाग लिने, सरकारको साधनस्रोत र गाडी प्रयोग गर्दै आफ्नो पार्टीको संगठन बनाउँदै हिंडेका थिए। अहिले कोरोना आउँदा के गर्ने भनेर अनुभव पनि छैन, केही पनि तयारी गरेको थिएन, अहिले घरमा बसिरहेका छन् मन्त्रीहरू।

(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)

# कोरोना भाइरसको प्रकोप : सामाजिक मूल्यमान्यताको परीक्षण



**बेचन कुमार महतो**

नोवेल कोरोना भाईरसको महामारीले हामीलाई एक आपसमा जोडिएको संसारमा बाँचिरहेका छौं भनेर पुनः सम्झाएको छ। कोभिड-१९ को महामारीलाई कुनै पनि देशले यसलाई एक्लै सामना गर्न सक्तैन र यदि हामीले यस विश्वव्यापी चुनौतीलाई प्रभावकारी रूपमा नियन्त्रणका प्रयासहरू अगाडि बढायौं भने हाम्रो समाजको कुनै पनि क्षेत्रलाई बेवास्ता गर्न सकिन्न। कोविड १९लगायतका संक्रामक रोगहरूको नियन्त्रणको जिम्मेवारी हाम्रो स्वास्थ्य सेवा प्रणाली र संयन्त्रको मात्र नभई सबैको साझा दायित्व र साझा चुनौती हो। यो सम्पूर्ण विश्व जगत संयुक्त रूपमा मिलेर कार्य गर्ने अवसर पनि हो। कोभिड नियन्त्रणको प्रयास हाम्रो क्षमताको पनि परीक्षण हो।

राज्य शक्तिको अनुभूतिबाट टाढा रहेको सिमान्तकृत वर्गहरू माझ देशको सामाजिक र आर्थिक प्रगतिबाट प्राप्त हुने लाभहरू कसरी वितरण भएको छ ? कति भएको छ ? वर्तमानको समय यसको परीक्षाको घडी हो। यस सन्दर्भले आउने दिनहरूमा राष्ट्रिय संकट व्यवस्थापन योजना र नागरिक सुरक्षा प्रणालीहरूलाई चुनौती दिन सक्ने छन् र निश्चित रूपमा सरसफाई, आवास र स्वास्थ्य परिणामहरूको अनुभूति हुन दिन/नदिने अन्य चुनौतीहरू समेतलाई उजागर गर्नेछ।

अतः यस महामारीको सम्बोधनको लागि समाजले प्रायः कम महत्व दिएको वा वेवास्ता गरिएका तमाम पक्षहरू उपर ध्यान केन्द्रित गरिनु पर्दछ अन्यथा कोभिड- १९ विरूद्धको हाम्रो भगिरथ प्रयास असफल हुन सक्दछ। व्यक्तिको स्वास्थ्य समुदायको सब भन्दा सीमान्तकृत सदस्यहरूको स्वास्थ्यसँग जोडिएको हुन्छ। यस भाइरसको फैलावटलाई रोक्न सबै वर्गको उपचारमा समान पहुँच सुनिश्चित गर्न आवश्यक छ। यसको अर्थ सस्तो, पहुँच योग्य स्वास्थ्य सेवाका अवरोधकहरूलाई पार गर्नु र आयस्तर, भूगोल, जाति, जातीयता, धर्म वा सामाजिक परिवेशमा आधारित दीर्घकालीन र भेदभाव रहितउपचार प्रणालीको प्रत्याभूति गराउनु नै हो।

महिला तथा अल्पसंख्यक समुदायहरूको लैंगिक अधिकार र आवश्यकतालाई बेवास्ता गर्ने प्रणालीगत पक्षपाती व्यवहार पार गर्न सकिए कोभिड १९ को प्रभावकारी रोकथाम र उपचारको लागि महत्तवपूर्ण हुन सक्नेछ। विशेष रूपमा संस्थागत व्यवहारमा रमाउने व्यक्तिहरू, वृद्धहरू वा हिरासतमा रहने कैदीहरू संक्रमित हुन सक्ने सम्भावना बढी भएको हुँदा संकट व्यवस्थापनको योजनामा यी कुराहरूलाई विशेष ध्यान दिनु पर्ने देखिन्छ।

राष्ट्रिय प्रणालीहरूको अभिन्न हिस्साको रूपमा रहेका प्रायः सरसफाई तथा स्वास्थ्य सेवाको कमजोर प्रत्याभुति हुने स्थानमा वसोवास गर्ने आप्रवासी तथा शरणार्थीहरूको औपचारिक स्थितिलाई समेत ध्यान दिई कोरोना भाईरस नियन्त्रण गर्ने योजनाहरू लागू गरिनु पर्दछ। सरसफाई तथा स्वास्थ्य सेवाको फितलो प्रत्याभूति हुने शिविर तथा भिडभाड शहरी झुपडपटीहरू कोरोना संक्रमणको उच्चजोखिममा रहने हुँदा तिनीहरूको औपचारिकस्थितिलाई समेत ध्यान दिई कोरोना भाईरस नियन्त्रण गर्ने योजनाहरू लागु गरिनु पर्दछ।

प्रवासी र स्थानीय समुदायहरूलाई सेवा प्रदान गर्न कोरोना संक्रमित देशहरूलाई तत्कालै अन्तराष्ट्रिय सहयोग आवश्यक छ। संक्रमणको रोकथाम र आवश्यक व्यवस्थापकीय सम्बोधनको लागि राष्ट्रिय निगरानी राख्न पनि त्यतिकै जरूरी छ। अन्तर्राष्ट्रिय सहयोग र राष्ट्रिय निगरानीको अभावमा आमनागरिकको स्वास्थ्य जोखिममा पर्ने र मानवीय कलंक बोकी रहनु पर्नेमा दुई मत नहोला। सीमा नियन्त्रण, यातायात प्रतिबन्ध र सिमित आवागमन स्वतन्त्रता कायम गर्न सक्नु पनि आजको चुनौती हो।

यस्ता तत्कालीन चुनौतीहरूका वावजुद पनि कोरोनाभाइरसको मार्गले पक्कै पनि हाम्रो सिद्धान्त, मूल्य र साझा मानवताको परीक्षण गर्नेछ। संक्रमणले महामारीको रूप लिदै छ। संक्रमितहरूको पहिचान गर्न विभिन्न व्यवहारिक तथा व्यवस्थापकीय चुनौतीहरू छन्। भाईरस नियन्त्रणको औषधीको पहिचान हुन सकेको छैन वा अनिश्चित छ। यस अवस्थामा भाइरसले व्यक्ति र समाजमा गहिरो डर र चिन्ता बढाइरहेको छ।

केही बेइमान व्यक्तिहरूले निःसन्देह रूपमा यसको फाइदा लिन खोज्दैछन्, वास्तविक डरलाई बढावा दिदै आई रहेका छन् र चिन्ता बढाउने चिन्तनहरू सार्वजनिक गरी रहेका छन्। डर र अनिश्चितताका खेति गर्न गराउन पल्केकोहरू पनि हाम्रै माझमा छन्। धर्मका नाममा होस् वा क्षेत्रीयताको नाममा होस् चाहे चरम भौगोलिकताको आवरणमा हामी माथी रिस र दुश्मनी राख्नेहरू पनि यहि समाजमा नै छन्।

समय मै यस्ता कोरोना भाईरसका कारक तत्वहरूलाई नियन्त्रण गरिएन भने यसले महामारी निम्त्याउने निश्चित छ। सामाजिक मूल्य र मान्यतामा आधारित मानवताको धर्म नै संकटमा पर्नेमा कुनै शंका छैन। चलायमान शरणार्थीहरू यस मानेमा विशेष रूपमा लक्षित हुन सक्छन्। तर कोरोना भाइरसले आफैंमा कुनै किसिमको भेदभाव गर्दैन। आजको मिति सम्ममा संक्रमितहरू विश्वका अधिकांश देशहरूमा छन्।

सवै महादेशमा छन्। के विद्यार्थी, के महिला, के उद्यमी, के स्वास्थ्यकर्मी, के सुरक्षाकर्मी, के राजनितिज्ञ कोरोना भाईरसको प्रकोपबाट कोही पनि अछुतो रहन सकेका छैनन। आतंक र भेदभावले कहिले पनि अभावको समाधान हुन सकेको छैन। अतः राजनीतिक नेताहरूले अगुवाइ लिनै पर्दछ। पारदर्शी प्रयत्नको समयमै जानकारी दिइ जनविश्वास कमाउनै पर्दछ। साझा र राम्रोको लागि एक साथ काम गर्नु पर्दछ, र मानिसहरूलाई स्वास्थ्य संरक्षणको लागि उत्प्रेरित गर्नु पर्दछ। अफवाह र डर त्राश पैदा गर्ने उन्मादी आकाँक्षाले कोरोना भाईरस विरूद्धको व्यवस्थापकीय संयन्त्रलाई मात्र बाधा पुऱ्याउने छैन, यस्ता गतिविधिले त मानवअधिकार तथा उत्तरदायी र लोकतान्त्रिक संस्थाको प्रभावकारितामा पनि व्यापक प्रभाव पार्न सक्छ।

शाब्दिक अर्थमा गिर्दो स्टक बजार र वर्तमानको कमजोर आर्थिक-सामाजिक संयन्त्रको कारण आज विश्वको कुनै पनि देशले आफूलाई कोरोना भाइरसको प्रभावबाट अछुतो राख्न सक्दैन। विकासशील देशहरूमा यस रोगको निदान, उपचार र रोकथामकालागि अन्तराष्ट्रिय व्यवस्थापकीय सहयोग अरबौं मानिसहरूको जीवनको रक्षा गर्न महत्वपूर्ण हुनेछ। विश्व स्वास्थ्य संगठनले विशेषज्ञता सेवा, निगरानी प्रणाली, केस अनुसन्धान, सम्पर्क ट्रेसिगँ र अनुसन्धान तथा खोप विकास सम्बन्धी सेवाहरू प्रदान गर्दै आएको छ। यस अर्थमा वर्तमानको अन्तर्राष्ट्रिय एकता र बहुपक्षीय प्रणालीहरूको गतिविधी पहिले भन्दा बढी महत्तवपूर्ण भएका छन्।

निष्कर्ष

अतः दूरदृष्टीका साथ हामीले न्याय संगत र सुलभ सार्वजनिक स्वास्थ्य सेवा निर्माणको कार्यलाई तीव्र गर्नु पर्दछ। र हामी कसरी अहिलेको यो संकटको अवस्थालाई व्यवस्थापन गर्दैछौ, निःसन्देह ती प्रयासहरू आउँदो दशकहरूको लागि पथ निर्देश हुनेछ। यदि कोरोना भाइरस विरूद्धको हाम्रो प्रतिक्रिया जनविश्वास, पारदर्शिता, कमजोर वर्गको लागि समानुभूतिको सिद्धान्त र सम्मानमा आधारित हुने हो भने हामी प्रत्येक व्यक्तिको आन्तरिक अधिकारलाई मात्र समर्थन गर्नेछौ। भविष्यकालागि पाठहरू सिक्न सक्ने गरी प्रभावकारी संयन्त्रहरूको प्रयोग र निर्माण गर्ने छौं। (लेखक नेपाल मधेशी निजामति कर्मचारी मञ्चका महासचिव हुन्।)

## संक्षिप्त समाचार

### नेपाल भारत महिला मैत्री समाजद्वारा प्रदेश सरकारलाई स्वास्थ्य सामग्री हस्तान्तरण

जनकपुरधाम। महामारीको रूपमा आएको कोरोना भाइरस नियन्त्रण रोकथाम तथा उपचारका लागि नेपाल भारत महिला मैत्री समाजले प्रदेश सरकारलाई झण्डै दश लाख बराबरको स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ। समाजका अध्यक्ष एवं प्रतिनिधिसभा सदस्य चन्दा चौधरीले उक्त सामग्रीहरू आज मुख्यमन्त्री मा. लालबाबु राउतलाई हस्तान्तरण गरेकी छन्। मुख्यमन्त्री निवासमा हस्तान्तरण गरिएको उक्त स्वास्थ्य सामग्रीहरूमा पिपिई १५० थान, ग्लोब्स ४ हजार २ सय पचास, सेनिटाइजर पाँच सय एमएलको ८४ बोतल, स्प्रे टैंक १० र सर्जिकल मास्क २ हजार थान रहेको छ। समाजले प्रदान गरेको स्वास्थ्य सामग्रीहरू आजै विभिन्न अस्पतालमा पुऱ्याइने मुख्यमन्त्रीको सचिवालयले जनाएको छ।

### मुख्यमन्त्रीका प्रमुख स्वकीय सचिवद्वारा सहयोग

जनकपुरधाम। कोरोना महामारी नियन्त्रणका लागि प्रदेश सरकारले स्थापना गरेको राहत कोषमा मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीका प्रमुख स्वकीय सचिव जितेन्द्र कुमार यादवले २१ हजार सहयोग गरेका छन्। प्रमुख स्वकीय सचिव यादवले आइतबार विहान मुख्यमन्त्री राउतलाई २१ हजार बराबरको चेक हस्तान्तरण गरेका हुन्।

### बैतडीका सीमामा सशस्त्र प्रहरी खटाइयो

बैतडी। भारतसँग सीमा जोडिएको बैतडीका सीमाक्षेत्रमा आवागमनमा कडाई गरिएको छ। लकडाउनका बेला महाकाली नदीवाट अबैध रूपमा नेपाल भित्रिने क्रम नरोकिएपछि भारतसँग सीमा जोडिएका बैतडीका विभिन्न नाकाहरूमा सशस्त्र प्रहरी परिचालन गरि आवागमनमा कडाई गरिएको हो। जिल्लाका विभिन्न १० भन्दा बढी नाका (घाट)हरूमा सशस्त्र प्रहरी परिचालन गरिएको हो। सशस्त्र प्रहरी बल नम्बर ५१ गुल्म बैतडीबाट सीमा क्षेत्रमा पाँच टोली परिचालन भएका सशस्त्र प्रहरी नायव उपरीक्षक अमित सिंहले जानकारी दिए। जिल्लाको शिवनाथ गाउँपालिका,पञ्चेश्वर गाउँपालिका र दशरथचन्द नगरपालिकाका विभिन्न सीमा क्षेत्रमा ६३ जनाको टोली परिचालन गरिएको उनले बताए।

### भारतले नेपाल र अमेरिकासहित १३ देशमा हाइड्रोक्सिक्लोरोक्विन पठाउने

काठमाडौं। भारतले कोरोना भाइरस संक्रमणको उपचारमा उपयोगी हुने भनी परीक्षण भइरहेको औषधि 'हाइड्रोक्सिक्लोरोक्विन' नेपालसहित १३ देशमा पहिलो लटमा पठाउने भएको छ। भारतले योसहित विभिन्न औषधिहरू निर्यातमा प्रतिबन्ध लगाएको थियो। केही दिनअघि भारतले हाइड्रोक्सिक्लोरोक्विनसहित २४ थरि औषधिहरूको निर्यातमा लगाएको प्रतिबन्ध खुला गरेको थियो। अमेरिकाले औषधि पठाउने देशहरूको सूचीमा नेपाल, भुटान, अफगानिस्तान, मालद्विभ्स, अमेरिका, स्पेन, जर्मनी, सिसेल्स, मौरिसस, डोमिनिकन रिपब्लिक, ब्राजिल र बहराइन गरी १३ देशमा यो औषधि पठाउने भएको हो।

### आगलागीबाट १० लाखको क्षति

मोरङ। केराबारी गाउँपालिका-६ डागी बस्ने राम बहादुर दर्जीको घरमा करेन्ट सर्ट भई आगलागी भएको छ। शुक्रबार दिउँसो आगलागी हुँदा घर पूर्णरूपमा जलेर करिब १० लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ।

### सीमामा सशस्त्रको पैदल गस्ती

राजविराज। कोरोना भाइरसको जोखिम हुन नदिन सशस्त्र प्रहरी बलले नयाँ बोर्डर आउट पोस्ट (बिओपी) खडा गरी सप्तरीमा थप कडाइ गरेको छ। सीमानाकाबाट नेपाल प्रवेशलाई पूर्ण रोक लगाउन जिल्लाका ५५ स्थानमा प्रहरी परिचालन गरिएको सशस्त्र प्रहरी बल ६ गणले जनाएको छ। नेपाल-भारत आवतजावत ठप्प गर्न सशस्त्र प्रहरी बलले ठूलो सङ्ख्यामा पोस्ट खडा गरी पैदल गस्तीसमेत थालेको गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक उद्धव न्यौपानेले जानकारी दिए। भारतसँगको सिमाना ७८ किलोमिटर रहेको सप्तरीमा यसअघि सात वटा मात्र बिओपी थियो।

### मृत्यु भएकाको रिपोर्ट निगेटिभ

कपिलवस्तु। कोरोनाको आशंकामा कपिलवस्तु अस्पतालको आईसुलेशनमा उपचारको क्रममा मृत्यु भएका बिरामीको रिपार्ट नेगेटिभ आएको छ। सोमबार साँझ ८ बजे बिजयनगर गाउपालिका- २ जलैयाका ३० बर्षे गोभर्धन भरको मृत्यु भएको थियो। उनको स्वाब परीक्षणका लागि प्रादेशिक प्रयोगशला भैरहवामा पठाइएको थियो। मंगलवार १ वजे आएको प्रतिबेदनमा रिपार्ट नेगेटिभ देखिएको अस्पतालका मेडिकल सुप्रीटेन्डेन्ट डाक्टर किशोर बन्जाडेले बताए। यता कोरोना आशंकामा कपिलवस्तु अस्पालतालको आईसुलेशनमा उपचारत बिरामीको सोमवार मृत्यु भएको थियो। मृतक भर गत शुक्रबारदेखि आइसोलेशनमा थिए।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

रूपन्देही। २२ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा मर्चवारी गाउँपालिका(७ श्रीरामपुर बस्ने राजेश चौहानलाई आइतबार प्रहरीले पक्राउ गरेको छ। चौहानले ती महिलालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय मर्चवारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा स्थानीय प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

### आगलागीबाट साढे पाँच लाखभन्दा बढीको क्षति

बाँके। नेपालगंज उपमहानगरपालिका-१८ बस्ने बसन्त कुँवरको घरमा आफैले संचालन गरेको लक्ष्मी इलेक्ट्रोनिक प्रालिमा आइतबार साँझ ग्याँस लिक भएर आगलागी हुँदा उक्त प्रालिमा रहेको मेशिन तथा कच्चा पदार्थ जलेर करिब ३ लाख रूपैयाँ बराबरको धनमाल नष्ट भएको छ। यसैगरी बाँके, राप्तीसोनारी गाउँपालिका-७ नन्कपुर बस्ने ६५ वर्षीय रती घर्तीको गोठमा सोमबार बिहान आगलागी हुँदा करिब २ लाख ६९ हजार रूपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ। स्थानीय बासिन्दा तथा दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### अवैध लागूऔषध गाँजासहित दुई जना पक्राउ

मोरङ। केराबारी गाउँपालिका-८ तोरीबारीबाट अवैध लागूऔषध गाँजा करिब १ केजी ८ सय ५० ग्राम सहित २ जनालाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा केराबारी गाउँपालिका-१० बस्ने १९ वर्षीय प्रमोद मल्लिक र सोही गाउँपालिका-१ बस्ने ४१ वर्षीय बिष्णु लिम्बु रहेका छन्। ईलाका प्रहरी कार्यालय बेलबारी र ईलाका प्रहरी कार्यालय केराबारीबाट खटिएको संयुक्त गस्ती टोलीले उनीहरूलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

नयाँ वर्ष २०७७
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
रामशंकर मिश्र
मेयर
जलेश्वरनाथ नगरपालिका, महोत्तरी

नयाँ वर्ष २०७७
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
अजयकुमार गुप्ता
मेयर, गौर नगरपालिका, रौतहट

नयाँ वर्ष २०७७
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
अभय कुमार सिंह
मेयर, बलरा नगरपालिका, सर्लाही

नयाँ वर्ष २०७७
को पावन अवसरमा समस्त देशवासीमा सुख, शान्ति र समृद्धिका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।
सूर्यनाथ मण्डल
मेयर
कल्याणपुर नगरपालिका, सिरहा

बालबालिकाहरूलाई अनिवार्य रूपमा विद्यालय पठाऔं,
शिक्षा दिएर असल नागरिक बनाऔं,
चर्पीमा मात्र दिसापिसाब गराऔं,
गाउँघरलाई सफा र स्वच्छ राखौं।
जलेश्वरनाथ नगरपालिका
महोत्तरी

(नेपालमा कोरोनाको सामाजिक, अर्थिक तथा राजनीतिक विश्लेषण)

# कोरोना माथिको एक समाजशास्त्रीय विश्लेषण

**रमिला नेपाल**
**पि.एच.डि (समाजशास्त्र)**

हुन त , आज कोरना यस्तो महामारी रूपमा फैलिएको छ। संसारको सबै मानिसहरूको मन , मस्तिष्क र हृदयमा एउटा भयानक मृत्युको रूपमा छाएको छ। यसो हुनुमा २१औ शताब्दिको संचारको बिकासलाई लिन सकिन्छ। इन्टरनेटले आज मानिसलाई आवश्यक पर्ने सम्पूर्ण बिषयको जानकारी कोठा सम्मै पुर्‍याएको छ। जून आजको समाजको निम्ती अपरिहार्य र अधिकारको बिषय पनि हो। यस अर्थमा हामीले आज संसारमा बिकसित भएका संचार माध्यमहरूलाई धन्यबाद दिनै पर्दछ। आज प्रत्येक नेपाली जनता कोरना भाइरस बारे जानकार भएका छन्। जून स्वागतयोग्य कुरा हो तर यहां भन्न खोजिएको कुरा के हो भने , आज जून किसिमले हामीले यस रोग माथि ब्यबहार गरिरहेको छौ। के यो तरिका , बिभिन्न उपयुक्त तरिका मध्येको उत्तम तरिका हो त ? प्रश्न गर्न खोजिएको बिषय चाही यहि हो।

अहिले कोरना भाईरसको बास्तबिक्ता भनेको , चीन आफ्नो अथक प्रसास पछि मुक्त हुने प्रयासमा छ। उसले यस कठिन परिस्थितीलाई अवशरको रूपमा परिणत गर्ने प्रयासमा छ। भारत आफैमा बिशाल देश , अबौ जनसंख्या। उसले त्यहांको जनतालाई तिन महिनाको समय सिमा दिएर। आफ्नो स्रोत साधनहरू परिचालन गरी सामाधानको उपाय अपनाउने प्रयास गर्दैछ। तर आजको दिन सम्म जून किसिमले त्यहां मृत्युहुनेहरूको संख्या देखा परेको छ। जून जनसंख्या र देशको क्षेत्रफलको हिसावले हेर्ने हो भने तुलनात्मक रूपमा ठूलो भयावय अबस्था छैन। उनिहरू केबल बिसाल जनसंख्या भएको नाताले यदि फैलिहाल्यो भने के गर्ने त ? भन्ने प्रश्नको उत्तर खोज्ने प्रयासमा छन्। तर जहां सम्म अमेरिका लगायत यूरोपका कतिपय मूलूकहरू , जहां महांमारी फैलिएर जनता भकाभक मर्न थाल्दा पनि , किन लकडाउनलाई उपयुक्त माध्यम ठानेन ? आवश्यक्ता हेरी उनिहरूले लकडाउनलाई प्रयोग गर्ने गरेको पाईन्छ। हामीले प्रश्न मात्र गरेको हो। उत्तर खोज्ने जिम्मा त्यहांकै बिद्धानहरूको हो।

तर , हामी एउटा कुरा अवश्य भन्न सक्दछौ। देश संचालन समग्र एउटा प्रणालीबाट चलेको हुन्छ। युद्ध , महामारी जस्ता जून सुकै कठिन अबस्थामा देश चल्नु पर्दछ। नत्र यसले कालन्तरमा देशले परिकल्पनानै नगरेको ठूलो बिपत्ति ल्याउन सक्छ। हामी नेपाली जनताहरू भुकम्पको समयबाट गुज्रियौ। के यो सबै देशी , बिदेशी सहयोगको कारणले सम्भव भएको हो ? हैन , कारण एउटै थियो , रिमिट्यान्स र नेपाली जनताले भुकम्पको समयमा खेतिपाती नछोड्नु। जसले गर्दा , हाम्रो देशले भोकमरी तथा त्यसबाट उत्पन्न हुन सक्ने संकटबाट पार पायो।

हाम्रो देशको भूराजनैतिक स्थिती आफ्नै किसिमको छ। यस अर्थमा हाम्रा पुर्बजहरूलेझै हामीले पनि यसलाई अवशरको रूपमा परिणत गर्न सक्नु पर्दछ। नेपाल एकिकरणको समयमा होस वा विश्व युद्धको समयमा , हाम्रा पूर्खाहरूले कसरी आफ्नो अस्थित्व जोगायो ? नत्र आज हामी कहां एक स्वतन्त्र अस्थित्व भएको हाम्रो देश नेपाल भनेर गर्ब गर्न सक्दथ्यौ। यस अर्थमा , आजको दिन सम्म हाम्रो देशमा कोरनाको स्थिती के छ भन्नु हुन्छ भने हाम्ो सरकारी तथ्याक अनुसार १० जना नेपाली र ३ जना भारतिय संक्रमित भेटिएको छ। आज सम्म कसैको पनि मृत्यु यस रोगबाट भएको छैन। हाम्रो देश भित्र एक आपसमा सरेको तथ्याक केबल एक जना संग मात्र छ। साथै जो पहिलो संक्रमित ब्यक्ति थियो। उक्त ब्यक्ति पनि निको भएर घर गैसकेको अबस्था छ। जून अत्यन्त राम्रो पक्ष हो।

हाम्रो देशले हाल सम्म कोरोना बिरूद्धको लडाइमा लकडाउनलाई उपयुक्त माध्यमको रूपमा लिएको छ। यो केही हद सम्म ठिक हो। यसले नेपाली जनतालाई यस रोगबारे धेरै नजिकबाट जानकार गराएको छ। तर जहां सम्म लकडाउनमा अपनाईएको तरिका छ। के यो साच्चै , कोरना भाईरस न्यूयोर्कमा जसरी फैलियो भने त्यस बेलाको लागी उपयुक्त छ त ? सूरक्षाकर्मीहरू साधारण माक्सको भरमा काम गरिरहेको छ। स्वास्थकर्मीहरूको हालत पनि उस्तै छ। खाध्य सामग्रीहरू , हालको दिन सम्म पनि भारतबाटनै आईरहेका छ। हामीलाई थाहा भए अनुसार , कोरना भाईसर लामो समय सम्म बाहिर जिबित रहन सक्दछ। त्यस्तै , जहां सम्म जनताहरू छन्। सबै घर बनुवा मक्सकै भरमा छन्। समग्रमा भन्दा हामी भगबान भरोसामा छौ। तर सरकारले आफ्नो सिमित स्रोत साधनको सदुपयोग गरेर। जसरी द्रुत टेस्ट अभियान चलाएको छ। बिदेशबाट आएकाहरूलाई क्वारेन्टाईनमा राखेको छ। जून राम्रो र गर्नु पर्ने पक्ष पनि यहिनै हो। परिणाम सकारात्मक नै आएको छ। जसलाई बिश्लेष्ण गर्ने हो भने। हामी कोरना भाईरसबाट सुरक्षित छौ।

जानेर भनौ या नजानेर , लकडाउन हामीले जून लगाएका छौ। त्यो युद्ध बेला लगाउने लकडाउन जस्तो भएको छ। जनतालाई सूरक्षित राख्न घरघरमा राख्ने तर दैनिक गुजराको सामानहरूमा देशले आयात प्रतिबन्द नलगाउने। तर यदि रोग साच्चिकै महामारीको रूपमा फैलिएको हो भने , लकडाउन गरे पछि मुसो पनि बाहिर भित्र गर्न दिनु हुदैन। जनतालाई घरमा बस , बाहिर निस्कनु पर्दैन। राज्यले तिमीहरूलाई पूर्ण संक्रमण मुक्त भएको सामग्री घर घरमा उपलब्द गराउछौ भन्दछ। साथै , राज्यले लकडाउन गरेको क्षेत्रलाई रोग मुक्त गर्न औषधीहरू छर्कने। द्रुत टेस्टिगहरू गर्ने , संक्रमितहरूलाई समाजबाट अलग गर्ने , उपचार गर्ने। जस्तो कामहरू गर्दछ। जून हामीले चीनको उहानमा देख्यौ।

हामीले बिचार गर्नु पर्ने कुरा छ। उनिहरूले कहिले पनि पूरै चीनलाई लकडाउन हामीले जसरी गरेन अर्थात भनौ भारतले जसरी पनि गरेन। यस अर्थमा के हामीले अपनाएको लकडाउन उदेश्य अनूरूपको छ त ? भनेर प्रश्न गर्ने ठाउंहरू छ। खैर जे होस। आज सम्म हामीले जून किसिमले लकडाउन गर्‍यौ। यसको फाईदा पक्ष भनेको नेपाली जनता कोरना र यसबाट हुन सक्ने संक्रमण बारे पूर्ण बिज्ञ भएको छ।

हामीले अगाडी भनेका थियौ। यसको राजनैतिक बिश्लेषण पनि आवश्यक्ता छ। तपाई **कान्तिपुर दैनिक , बिबिसि नेपाली , नागरिक दैनिक , अन्नपूर्ण दैनिक** , यि चार समाचारका माध्यमहरूलाई मात्र गहिरिएर बिश्लेषण गर्नु भयो भने दुई वटा पुर्णरूपमा यो सरकारलाई बिघटन गर्ने पक्षमा लागेको देखिन्छ। भनौ उनिहरू कुनै मिसन पत्रकारितामा छन्। तर दुई समाचार माध्यम भने पूर्णरूपमा देश र जनता प्रति पुर्ण जिम्मेबार भएको पाउछौ।

त्यस्तै कतिपय अन्तराष्ट्रिय संस्थाहरू , जो बिकसित राष्ट् प्रमुखहरूबाट आलोचित र बुद्धिबिहिन सल्लाह दिएको भन्ने आरोपित छन्। जून प्रमाणित पनि भएको छ। साथै उनिहरूको सल्लाह स्थानिय क्षेत्रको जनताको हित भन्दा पनि आफ्ना अमूक मालिकहरूको सेवा स्वार्थ केन्द्रित हुन्छ कि भन्ने देखिएको छ। स्थानिय बस्तुस्थिती बारे कुनै जनकारी नै नलिई , हचूवाको भरमा राष्ट्हरूलाई सल्लाह दिने गरेको होकी भन्ने शंका गर्ने ठाउंहरू यसपालि देखियो। यस अर्थमा उनिहरूको सल्लाह कति उपयुक्त हुन्छ। हामीले मूल्याकन गर्नु पर्ने कुरा हो।

र , कतिपय दल तथा राजनैतिक नेताहरूमा के पनि देखियो भने। लकडाउन बढ्दै गए , जनताहरूमा निरासा छाउने र त्यही निरासालाई प्रयोग गरेर आफ्नो स्वार्थ सिद्ध गर्न सकिन्छ कि भन्ने किसिमले लागेको पनि देखियो। त्यही मिसनलाई साथ दिने गरि आज केही संचारमाध्यहरू एकहोरो लकडाउन , लकडाउन भनेर चिच्चाई रहेको छ। हुन सक्छ , यसमा देशी बिदेशी शक्तिहरू पनि लागेको। अझ यसलाई बल पुग्ने गरि आफै भित्रका पक्षहरू पनि समस्या सामाधान भन्दा बल्झाउन लागी परेको हामीले देखेको छौ। समग्रमा भन्दा , बर्तमान नेपालको राजनीतिको असन्तुष्ट पक्षहरू ( स्वदेशी तथा बिदेशीहरू ) लकडाउनलाई हतियार बनाएर , जनतामा असन्तुष्टि सृजना गरी , सके सम्म क्षति पुर्‍याउने पक्षमा लागी परेको देखिन्छ ।

यस अर्थमा , बर्तमान समयमा कोरना भाईरस तथा लकडाउन नेपाल सरकारको चूनौतिको बिषय हो। यसलाई सम्बोधन केन्द्रिय तहबाट भन्दा पनि स्थानिय तह र बिकेन्द्रित तरिकाले गरे उपयुक्त हुने देखिन्छ। उदाहरणको लागी डाक्टरले जसरी मुटु र दिमागलाई जिबित राखेर उपचार गर्दछ। देशको मुटु र दिमाग भनेको राजधानी र प्रमुख शहरहर हुन्। आज हाम्रो देशको चूनौति भनेको खुल्ला सिमानाबाट नेपाल भित्रिने नागरिकहरू हुन्। त्यसैले त्यस क्षेत्रमा लकडाउन , पार्टिका कार्यकर्ताहरू तथा स्वयमसेबकहरू समेत परिचालन गरेर लागु गर्ने। क्वारन्टाईनको ब्यबस्था स्थानिय क्षेत्रमा नै गर्ने। औषधी छर्कने र उपचारको ब्यबस्था गर्ने। यो त्यो बेला सम्भब हुन्छ जब केन्द्र बलियो हुन्छ। केन्दले , कुनै क्षेत्रमा कोरना संक्रमण देख्यो भने पहिला वडा लकडाउन गर्ने। त्यसबाट भएन भने केही वडा। त्यसबाट पनि भएन भने जिल्ला। अनि प्रदेश गर्ने। पूरै देश एकै पटक लकडाउन गर्दा , सम्पूर्ण देश लकडाउनमा पर्छ। जून देश र जनताको भबिष्यको निम्ती ज्यादै खतरनाक हुनसक्छ। केन्द्र , कम्तिमा पनि कुनै एक प्रदेशलाई लकडाउन गर्दा चाहिने सम्पूर्ण सामग्रीहरूको जोहो गरेर तयारी अबस्थामा बसेको हुनु पर्दछ। यदि कुनै एक प्रदेश लकडाउन गरियो भने चीनको बुहानमा अपनाईएको तरिका अपनाएर कोरोना बिरूद्धको लडाई लड्ने। अहिले हाम्रो तरिका , ज्यादै अबैज्ञानिक छ। यो तरिकाले हामीलाई भाईरसबाट मात्र हैन। भबिष्यमा आउने समस्याहरू संग जुध्न पनि असम्भब बनाउने निस्चित छ।

उदाहरणको लागी रिमिट्यान्स , जो हाम्रो अर्थतन्त्रको महत्वपूर्ण भाग हो। त्यसतै , देशमा रहेको बेरोजगारी समस्या। ५० लाख भन्दा बढि जनता बाहिर छन्। अब ५ लाख मात्र आयो भने के गर्ने ? यस अर्थमा आज सम्म हामीले जे गर्‍यौ , ठिकै गर्‍यौ। अब ढिला नगरौ। कोरना भाईरस बिरूद्ध योजनाबद्ध तरिकाबाट लड्ने उपाय अपनाउ। भबिष्यमा आउने बेरोजगार तथा रिमिट्यान्सको कमि जस्ता चूनौतिहरूलाई बेलामै सम्बोधन गर्न राजधानी लगायत कम जोखिम भएका सहरहरूलाई लकडाउनबाट मुक्त गरौ।

हैन , भने यदि साच्चै कोरनाको जोखिम देशमा बढ्यो भने। हामी त्यो भन्दा अगाडीनै मरिसकेको हुने छौ। भबिष्यमा आउने बेरोजगारी बिरूद्ध लड्न त नसोचे हुन्छ। परिणाम राजनैतिक असन्तुष्टि र गृहयुद्ध सम्मको परिकल्पना गर्न सकिन्छ। भनिन्छ , हाम्रा बैरीहरू यस्तै यस्तै केही चाहन्छ।


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन्। होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पु[redacted]
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ। जस्तै विषादीको नाम, मात्रा, छरेको मि[redacted] मौसम र अन्य विस्तृत जानकारी र[redacted]

का[redacted]
भूमि [redacted] ा [redacted]
षा, [redacted]
२२३[redacted]
@[redacted]


## सिमानामा ठूलो संख्यमा सुरक्षाकर्मी थप

काठमाडौं। भारतमा कोराना संक्रमितको संख्या बढ्दै गएपछि सरकारले सीमा क्षेत्रमा सशस्त्रसँगै नेपाल प्रहरी (जनपद) समेत गरी ठूलो संख्यामा सुरक्षाकर्मी र चेकपोस्ट थप गरेको छ। सीमा क्षेत्रमा सशस्त्रका ९ सय २५ र नेपाल प्रहरीका ४ सय ५ वटा चेकपोस्ट राखिएको हो। यसअघि दक्षिणी मुलुकसँगको सीमामा सशस्त्रका १ सय २० वटा मात्रै चेकपोस्ट रहेकोमा ८ सय ५ वटा अस्थायी चेकपोस्ट थप गरिएको हो। अब सीमानामा सशस्त्रका मात्रै ९ सय २५ वटा चेकपोस्ट पुगेका छन्। नेपाल प्रहरी र सशस्त्रका नयाँ समेत गरी अब १३३० चेक पोस्टले नेपाल-भारत सीमामा सुरक्षा दिनेछन्। ती पोस्टहरूमा दुवै तर्फका गरी १० हजारभन्दा बढी सुरक्षाकर्मी खटिएका छन्। सीमा सुरक्षाको जिम्मा सशस्त्र प्रहरीको भए पनि ठूलो संख्यामा नेपाल प्रहरी परिचालन गरिएको छ। प्रहरी प्रधान कार्यालयका अनुसार ४ सय ५ वटा नाकामा नेपाल प्रहरी खटिएका छन्। यसबाहेक पनि जिल्ला प्रहरीले त्यहाँको वस्तुस्थिति अध्ययन गरी आवश्यकता अनुसार अस्थायी चेकपोस्ट खडा गरेका छन्। सबै जिल्लालाई स्थानीय जोखिम अनुसार रणनीति बनाएर भारतीय सीमाबाट प्रवेश गर्न नपाउने व्यवस्था गर्न गृह मन्त्रालयले निर्देशन दिएको छ। भारतमा कोरोनाको जाखिम बढ्दे गएपछि नेपाल छिर्न सक्ने संभावना रहेकाले प्रहरीको संख्या थप गरिएको हो।

## नाकामा भारतले सिसिटिभी जडान गर्दै

रौतहट। भारतले नेपालसँग जोडिएको आफ्नो सीमाभित्र सिसिटिभी क्यामरा जडान गरेको छ। रौतहटमा कोरोनाको संक्रमण पुष्टि भएको खबर सार्वजनिक भएसँगै नेपालतिरबाट भारत पस्ने रौतहटसित सिमाना जोडिएका अधिकांश गाउँमा भारतले सिसिटिभी जडान गरेको छ। रौतहटको ब्रह्मपुरी गाउँभन्दा दक्षिणको मसहा, गौरभन्दा दक्षिणको बैरगनिया, बन्जरहासँगैको बलुवा, लतमरीसँगैको हनुमान चौक, खापभन्दा दक्षिणको कबहिया ब्लक, बंकुलभन्दा दक्षिणको भारतीय गाउँमा पनि सिसिटिभी जडान गरिएका छन्। नेपालको रौतहटबाट भारततिर जाने अधिकांश गाउँमा सिसिटिभी जडान गरी भारतीय पक्षले निगरानी सुरू गरेको छ। भारतले सिसिटिभी निगरानी बढाएपछि सीमा नाकामा आवतजावत पूरै रोकिएको छ। यसले अब तस्करी नियन्त्रणमा पनि सहयोगी भूमिका निर्वाह गर्ने विश्वास स्थानीयको रहेको छ।

## भैरहवा नाकाबाट आपूर्ति नियमित

रूपन्देही। कोरोना भाइरस सङ्क्रमण रोकथामका लागि नेपाल-भारत दुवै देशमा लकडाउन भइरहँदा पनि स्थल नाकाबाट हुने आयात सहज रूपमा भइरहेको छ। यसबाट बजारमा अत्यावश्यक वस्तु र खाद्यान्न अभाव नभएको व्यवसायीले बताएका छन्।देशको दोस्रो ठूलो भन्सार नाका बेलहिया हुँदै दिनहुँ दैनिक उपभोग्य वस्तुका साथै एलपी ग्यास, पेट्रोलियम पदार्थ, तयारी औषधि, औषधिका कच्चा पदार्थ, मेडिकल सामान, हरियो तरकारीजस्ता सामान नियमित रूपमा आइरहेको भैरहवा भन्सार कार्यालयले जनाएको छ। भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत कमलकुमार भट्टराईका अनुसार अहिले दैनिक सरदर २५ वटा एलपी ग्यासका बुलेट यो नाका हुँदै भित्रिरहेका छन्। त्यसैगरी चामल, अन्य खाद्यान्न, मेडिकल सामान, ताजा तरकारी, औषधि, औद्योगिक कच्चा सामग्रीजस्ता गरी करिब एक सय मालवाहक गाडी दैनिक भित्रिरहेको उनले बताएका छन्। खाद्यान्नलगायत अत्यावश्यक वस्तुको मात्रै आयात हुँदा राजस्व भने दैनिक साढे दुई करोडको हाराहारीमा मात्रै सङ्कलन भएको भट्टराईले बताएका छन्।

## सार्क मुलुकका सहसचिवबीच भिडियो कन्फरेन्स

काठमाडौं। दक्षिण एसियाली सहयोग संगठन (सार्क) सदस्य मुलुकबीच अनलाइनबाट उत्पत्ति प्रमाणपत्र वा पछि कागजात पेस गर्ने सर्तमा व्यापार गर्न सकिने भएको छ। कोरोना महामारीका वेला व्यापारलाई थप सहजीकरण गर्न सार्क सदस्य मुलुकले कागजपत्रको झन्झटलाई यसरी सुल्झाउने समझदारी गरेका हुन्। सार्कका वाणिज्य सहसचिवबीच बुधबार भएको भिडिओ कन्फरेन्समा उत्पत्ति प्रमणपत्रविनै आयात-निर्यात गर्न दिनेलगायत समझदारी भएको हो। महामारीका कारण उत्पत्तिको प्रमाणपत्र जारी गर्न तथा भन्सारसम्म पेस गर्न समस्या हुने भएकाले त्यस्ता कागजको फोटोकपी वा फोटो पेस गर्दा पनि हुने अथवा पछि पेस गर्दा पनि हुने गरी समझदारी भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव नवराज ढकालले जानकारी दिए। 'कोरोना महामारीले निम्त्याएको असहज परिस्थितिमा उत्पत्तिको प्रमाणपत्रलगायत कागजात पेस गर्न समस्या देखिएको छ, त्यही भएर सूचना प्रविधिका माध्यमबाट यस्ता कागजाज पेस गर्दा पनि हुने गरी समझदारी भएको छ,' ढकालले भने। खासगरी भारतसँगको व्यापारमा यस्तो समझदारी तत्काल कार्यान्वयनमा आउने ढकालले बताए। 'नेपाल र भारतबीच यसअघि पनि भिडिओ कन्फरेन्स भएको थियो,' उनले भने, 'दुई मुलुकबीच व्यापार सहजीकरणका लागि यस्ता थुप्रै समझदारी भएका छन्।'

## सीमामा ९२५ नाकामा सुरक्षाकर्मी परिचालन

काठमाडौं। नेपाल सरकारले भारतसँगको खुला सिमानाका कारण कोरोना भाइरस (कोभिड-१९) संक्रमण महामारी नियन्त्रण कार्य थप चुनौती बन्ने देखिएपछि नौसय २५ सीमा नाकामा कडाई गर्न निर्देशन दिएको छ। त्यस्तै, 'लक डाउन' पनि केही समय लम्बिन सक्ने गृह मन्त्रालयले जनाएको छ। नेपालको भारतसँग एकहजार भन्दा बढी खुला सीमा रहेका छन्। ती मध्ये नौ सय २५ स्थानमा सशस्त्र प्रहरी सहित ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको छ। मन्त्रालयका अधिकारीका अनुसार, सीमा नाका अनुगमन तथा आवतजावतमा कडाइ गर्न सेना, प्रहरी र सशस्त्र प्रहरी परिचालन गर्ने तयारी भएको छ। बोर्डर (सीमा) विओपी सुरक्षा सशस्त्र प्रहरीको जिम्मेवारी भएकाले सशस्त्र प्रहरी वलको पाँचहजार जनशक्ति फिल्डमा खटिएको छ। सशस्त्र प्रहरी प्रवक्ता प्रहरी नायव महानिरीक्षक प्रविणकुमार श्रेष्ठले भारतमा रहेका नेपाली लुकिछोपी चोरबाटो प्रयोग गरी आउन थालेपछि थप कडाई गरिएको बताए। केही दिनअघि बैतडीमा चोरबाटो प्रयोग गरी आएका एकसय ३० जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ। मन्त्रालयले पनि सीमा नाकामा २४ घण्टा सुरक्षा पहरा दिन संयुक्त सुरक्षा गस्ती, स्थानीय प्रशासनलाई उच्चसुरक्षा सतर्कता अपनाउन निर्देशन दिइसकेको छ। गृह प्रवक्ता केदारनाथ शर्माले दुबै देशका सरकारबीच भएको सहमति अनुसार सीमा कडाई गरिएको स्पष्ट पारे। नेपालले आन्तरिक स्वास्थ्य सतर्कता तथा उपचार सेवा विस्तार गरेसंगै नेपाल-भारत सीमा कडाई गर्दा कोरोना भाइरस महामारीको संक्रमणबाट नेपाल सुरक्षित राख्न सक्ने अपेक्षा गरिएको छ।

## प्रदेश २ सरकारले पाँचवटा अस्पताललाई स्तरोन्नती गर्ने

जनकपुरधाम। कोरोना महामारी नियन्त्रणको लागि प्रदेश २ सरकारले प्रदेशमा रहेका विभिन्न पाँच वटा अस्पताललाई स्तरोन्नति गर्ने निर्णय गरेको छ। प्रदेश मन्त्रिपरिषदको बैठकले जिल्ला अस्पताल नभएका जिल्लाहरू पर्सा, धनुषा र सप्तरीमा ५०-५० बेडको अस्पतालमा परिणत गर्ने निर्णय गरेको छ। पर्साको पोखरिया, धनुषाको डुमरिया र सप्तरीको भारदहस्थित अस्पताललाई जिल्ला अस्पतालको रूपमा स्तरोन्नति गर्ने निर्णय बैठकले गरेको हो। त्यसैगरी, बाराको कलैयास्थित जिल्ला अस्पताल र महोत्तरीको जलेश्वरस्थित अस्पतालाई विशेष अस्पतालको रूपमा स्तरोन्नति गर्ने निर्णय गरेको छ। जलेश्वर अस्पतालले बुधबारबाट नै स्तरोन्नतिको काम शुरू गरी सकेको छ भने बाराले समेत स्तरोन्नतिको काम गर्दैछ।

## प्रदेश २ का सबै जिल्ला प्रहरीलाई ५ लाख

जनकपुरधाम। प्रदेश २ सरकारले प्रदेशका प्रत्येक जिल्ला प्रहरी कार्यालयलाई ५ लाख रूपैयाँका दरले प्रदान गर्ने भएको छ। कोरोना भाइरस (कोभिड १९) महामारी रोकथामविरूद्व खटिएका प्रहरीको मनोबल उच्च बनाउन प्रदेश २ का ८ वटै जिल्ला प्रहरी कार्यालयलाई यो रकम प्रदान गर्न लागिएको प्रदेश सरकारले जनाएको छ। मन्त्रिपरिषद् बैठकले प्रदेशअन्तर्गतका आठ वटै जिल्ला प्रहरी कार्यालयलाई पाँच लाख रूपैयाँका दरले उपलब्ध गराउने भएको हो। प्रहरीको न्यूनतम आवश्यकता पूर्तिका लागि यो रकम दिन लागिएको सरकारका प्रवक्ता एवं आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्र यादवले जानकारी दिए। उनका अनुसार प्रदेशमा रहेको पाँच वटा कारागारमा क्षमताभन्दा बढी कैदी रहेको हुँदा त्यहाँ कोरोनाबाट जोगिने उपायहरू अवलम्बन गर्नका लागि प्रत्येक जेललाई २०/२०लाख उपलब्ध गराउने निर्णय गरेको छ।

# स्वास्थ्य तथा जनसंख्यामन्त्रीको सम्बोधनको पूर्णपाठ

सम्पूर्ण दाजुभाई तथा दिदीबहिनीहरू नमस्कार ।

आजबाट हामी नयाँ बर्षमा प्रवेश गरेका छौँ । सबैलाई नवबर्ष २०७७ को हार्दिक शुभकामना दिन चाहान्छु । नयाँ बर्षसँगै कोरोना संक्रमणको विश्वव्यापी महामारीको यो विषम परिस्थितिमादेशलाई थप संक्रमणबाट मुक्त राख्न तपाई हामी सबैको सहकार्यले सफलता प्राप्त हुने विश्वास व्यक्त गर्दछु । यस सन्दर्भमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट दैनिक रूपमा यहाँहरूलाई अपडेट गराइरहेकै छौँ । यस संक्रमणको विकासक्रम सँगै हामीले आफ्ना रणनीतिहरूलाई थप परिष्कृत र परिमार्जित गरिरहेकै छौँ । अहिले मुख्य ६ वटा टि (T)को फर्मुलाबाट आफ्ना रणनीतिहरू अगाडि सारेका छौँ ।

**पहिलो टीः ट्राभल रेष्ट्रिक्सन ( Travel Restriction)**

यसको लागि आवतजावत बन्द गर्ने नै हो । जसको लागि बाहिरी मुलुकबाट नेपाल भित्रिने सबै किसिमका मार्गहरू बन्द गरिएका छन् भने नेपाल भित्र पनि गत चैत्र १० गतेदेखि लकडाउनको अवस्था छ । यो अवस्थामा विदेशबाट नेपाल भित्रिएका व्यक्तिहरू क्वारेन्टाइनमा रहन जरूरी छ । जसले गर्दा एक व्यक्तिबाट अर्को व्यक्तिमा संक्रमण नसरोस् । हाल धेरैजसो देशहरूले यो रणनीति अपनाएका छन् । यो प्रभावकारी पनि सावित भएको छ । यो लकडाउनले सर्वसाधारणमा केही असहजता त भएको छ तर आफ्नो देशलाई संक्रमणबाट बचाउन यो कुरा अपरिहार्य छ । यसमा यहाँहरूले गर्नुभएको सहयोगको म उच्च मूल्याङ्कन गर्छु ।

**दोश्रो टीः टेष्टिङ्ग ( Testing)**

यस अन्तर्गत स्थानीय तह, प्रदेश सरकार र संघीय सरकारले व्यवस्था गरेका क्वारेन्टाइनमा रहेका सबै व्यक्तिहरूको नमुना परीक्षण गर्ने र होम क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको पनि आवश्यकता अनुसार नमुना परीक्षण गर्ने नीति लिइएको छ । कुन व्यक्तिलाई कस्तो खालको परीक्षण गर्ने र कति अवधीमा गर्ने भन्ने कुरालाई स्वास्थ्य विज्ञहरूको सुझावमा हामीले कार्यविधि बनाई व्यवस्थित गरेका छौँ । हाम्रो हालको रणनीति परीक्षणको दायरालाई थप फराकिलो बनाई धेरै भन्दा धेरै व्यक्तिहरूलाई सो दायरामा ल्याई परीक्षण गर्नु हो ।

**तेश्रो टी : ट्रेसिङ्ग (Tracing)**

ट्रेसिङ्ग भन्नाले संक्रमित व्यक्तिका परिवार नजिकका व्यक्तिहरू जोसँग ति संक्रमितहरू नजिकको सम्पर्कमा आउनुभयो त्यस्ता व्यक्तिहरूलाई पत्ता लगाई परीक्षणको दायरामा ल्याउनु हो । हामीले धेरैजसो संक्रमितहरूको ट्रेसिङ्ग कार्य पुरा गरिसकेका छौँ भने पछिल्लो समयमा पहिचान भएका संक्रमितहरूको ट्रसिङ्ग कार्य भइरहेको छ । यो कार्य इपिडिमियोजलोजी तथा रोग नियन्त्रण महाशाखाले व्यवस्थित रूपमा गर्दै आइरहेको छ ।

**चौथो टीः ट्रयाकिङ्ग ( Tracking)**

सम्भावित संक्रमित र संक्रमित व्यक्तिहरूको एक ठाउँबाट अर्को ठाउँमा आवत जावत भएमा सो कुराको यकिन गरी उनिहरूलाई आइसोलेशनमा राख्न अनुगमन गर्ने विधि ट्रेकिङ्ग कार्य हो । यसको लागि स्वास्थ्य मन्त्रालय मातहतबाट खटिएका टोलीहरू, CCMC तथा स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित कल सेन्टरहरू, मोबाइल एप र वेवसाइट मार्फत ट्रेकिङ्ग कार्यलाई थप व्यवस्थित गरिएको छ । यस कार्यलाई अझ थप व्यवस्थित गर्न व्यक्तिहरू क्वारेन्टाइनमा रहे नरहेको अनुगमन गर्नुपर्ने हुन्छ । यस कार्यका लागि मन्त्रालयले आफ्नो संयन्त्र परिचालन गरिसकेको छ । त्यसका साथै स्थानीय तह तथा प्रदेश सरकारका जनप्रतिनिधिहरू, सुरक्षाकर्मीहरू, मिडियाकर्मीहरू र सम्बन्धित सबै सरोकावालाहरूलाई यस कार्यमा सहयोग, समन्वय र सहकार्यका लागि हार्दिक अनुरोध गर्दछु ।

**पाँचौ टीः ट्रिटमेन्ट ( Treatment)**

हालसम्म नेपालमा १३ जना संक्रमितको संख्या रहेको छ । जसमध्ये एक जना निको भएर घर फर्कि सक्नुभएको र १२ जना विभिन्न अस्पतालमा उपचारको क्रममा हुनुहुन्छ । वहाँहरू सबैको स्वास्थ्य स्थिति सामान्य रहेको छ ।

सम्भावित संक्रमणको संख्या आँकलन गरी योजनाबद्ध तरिकाले उपचारको व्यवस्था मिलाउन स्वास्थ्य मन्त्रालयले आफ्नो रणनीति तय गरेको छ । कोरोना संक्रमणको उपचारको लागि काठमाडौं उपत्यकाका र उपत्यका बाहिरका विभिन्न अस्पतालहरूलाई तोकिएको छ । कोरोना संक्रमणको सम्पूर्ण उपचारको व्यवस्था र खर्च नेपाल सरकारले निशुल्क गर्ने प्रबन्ध गरेको छ । कोरोना संक्रमण बाहेकका आकस्मिक सेवा र निरन्तर उपचारका क्रममा रहनुभएका बिरामीहरू थप समस्यामा नपरून र उनिहरूलाई सर्वसुलभ रूपमा सेवा प्रवाह होस् भन्नका लागि मन्त्रालय गम्भीर छ र त्यस्तो सेवा प्रवाह गर्ने आवश्यक प्रबन्ध मिलाउन हामी निरन्तर लागिपरेको ब्यहोरा अनुरोध छ । यस महामारीको घडिमा के सरकारी के गैह्रसरकारी सबै किसिमका अस्पतालहरूबाट उपचार गर्नु पर्ने हुन्छ । त्यसैले नेपाल भरका सबै किसिमका अस्पतालहरूलाई सञ्चालन गर्ने योजनाका साथ मन्त्रालय तयारी अवस्थामा रहेको छ । यसमा सबैको सहयोगको अपेक्षा गर्दछु ।

**छैठौं टीः टुगेदर (Together)**

कोरोना संक्रमणको यो सम्भावित महामारी रोक्न स्वास्थ्य मन्त्रालय मात्र होइन सिंगो देश नै लागिपरेको छ । उच्च स्तरीय समिति, CCMC देखि लिएर स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयमा विभिन्न तहमा कमिटिहरू बनाई कोरोना संक्रमण रोकथाम तथा नियन्त्रण कार्य व्यवस्थित रूपमा भइरहेको छ । यसका अतिरिक्त अन्य मन्त्रालयहरू तथा निकायहरूमा समेत विषयगत समितिहरू सक्रिय छन् । यस कार्यमा स्वास्थ्यकर्मीहरू, सुरक्षाकर्मीहरू, अत्यावश्यक दैनिक उपभोग्य सामानहरूको व्यवस्था गर्नेहरू, सरकारी तथा गैह्रसरकारी संघसंस्था तथा सञ्चारमाध्यम लगायतसबै मिलेर मात्र यो लडाईमा हामीले विजय हाँसिल गर्न सक्नेछौँ ।

यस संक्रमणको नियन्त्रण र रोकथामको लागि आवश्यक पर्ने पी.पी.ई., परीक्षणको लागि आवश्यक सामग्री लगायतका अन्य वस्तुहरूको हाल विश्वव्यापी रूपमा नै अभाव रहेको छ । सामानहरू प्राप्तिका लागि र रोगबाट बच्नका लागि विश्वस्तरमा राष्ट्रहरूले गर्दै आएका प्रयत्नहरूलाई हामी सबैले नजिकबाट नियालीरहेकै छौँ । तसर्थ हामीले देशमा आफुसँग भएको साधन श्रोतको अधिकतम उपयोग गरौँ । दुरूपयोग नगरौँ । आफुसँग भएका सामानको समुचित प्रयोग गरौँ भन्ने हाम्रो अनुरोध छ । यो चुनौतिको सामना हामी सबै एकजुट भई काम गरेर मात्र सम्भव छ । देशलाई महामारीबाट बचाउ । बाँकी बहस पछि गरौँला । महामारीको यो लडाईमा जनताको स्वास्थ्य सुरक्षाको ग्यारेण्टी गरौँ ।

यस्तो विषम परिस्थितिमा सञ्चार क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण रहन्छ । यहाँले निर्वाह गर्नुभएको रचनात्मक भूमिकाकोम कदरगर्दछु । आगामी दिनमा यहाँहरूबाट कोरोना संक्रमणको रोकथाम र नियन्त्रणका लागि अझ सकारात्मक र रचनात्मक भूमिकाको अपेक्षा गर्दछु ।

कोरोना संक्रमण बिरूद्धको यो लडाईको अग्रमोर्चामा नेतृत्व गरिरहनु भएका चिकित्सक र स्वास्थ्यकर्मीहरू नै हुनुहुन्छ । वहाँहरूको स्वास्थ्य र सुरक्षाको प्रत्याभूति गराउनु राज्यकोपहिलो प्राथमिकता हो । तसर्थ यो मन्त्रालय चिकित्सक र स्वास्थ्यकर्मीको बारेमा अत्यन्त सचेत छ । उपचारको क्रममा आवश्यक पर्ने व्यक्तिगत सुरक्षाका सामाग्रीहरू यथेष्ट मात्रामा पुऱ्याउन हामी लागि परेका छौँ । चिकित्सक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्र सेवक कर्मचारी लगायत कोरोना संक्रमणको नियन्त्रणमा खटिने जनशक्तिलाई प्रोत्साहन स्वरूप सत प्रतिशतसम्म भत्ता र बिमाको समेत व्यवस्था गरिसकिएको छ ।

अहिले हामी सबै नै क्वारेन्टाइनमा छौँ । घरभित्रै बसेका छौँ । तर हाम्रो स्वास्थ्य तथा सुरक्षाको लागि स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, दैनिक उपभोग्य वस्तुहरूको व्यवस्था गर्न अत्यावश्यक सेवा प्रदान गर्ने व्यक्तिहरू हुनुहुन्छ । राष्ट्र र जनताको सेवामा क्रियाशील वहाँहरूले गर्दा नै हामी घरभित्र सुरक्षित रहन पाएका छौँ । वहाँहरू सबैलाई धन्यवाद दिन चाहान्छौँसाथै वहाँहरूको मनोबल उच्च बनाउने काममा सबैले आ-आफ्नो ठाउँबाट योगदान गरौँ ।

**अन्त्यमा :**

हरेक नागरिकले आफ्नो पुरै जीवनकालमा देशलाई गर्ने योगदान अहिले गर्न सक्छौँ । यसको लागि हामीले अहिले गर्ने भनेको आजको यो समयमा घरभित्र क्वारेन्टाइनमा रहनु हो । तपाई हाम्रो यो सहयोगले सिंगो देशलाई कोरोना संक्रमणको महामारीबाट बचाउन मद्दत पुग्छ । आजको परिस्थिति मानव जातिको रक्षाको लागि योगदान गर्ने अवस्था हो । यस्तो कठिन एवं असाधारण परिस्थितिमा राज्यले अबलम्बन गरेको लकडाउन र अन्य व्यवस्थाहरूलाई आत्मसात गरि तपाइहरूले गर्नुभएको महत्वपूर्ण सहयोग प्रति स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोगको अपेक्षा गर्दछु । अन्त्यमा, कोभिडविरूद्ध हामी सबैको आ-आफ्नो तर्फबाट सकारात्मक योगदान रहने विश्वास व्यक्त गर्दै पुनः नवबर्षको शुभकामना व्यक्त गर्न चाहन्छु ।

धन्यबाद ।




## नेपालमा बैशाख १५ सम्म लकडाउन

काठमाडौं । कोरोना भाइरस (कोभिड-१९) रोकथामका लागि सरकारले लकडाउन बैशाख १५ गतेसम्मका लागि लम्ब्याउने निर्णय गरेको छ । यसअघि सरकारले घोषणा गरेको लकडाउन भोली बैशाख ३ गते सम्पन्न हुनै लाग्दा नेपालमा कोरोना संक्रमितहरू बढ्दै गएकोले आज बसेको मन्त्रिपरिषदको बैठकले लकडाउन १५ वैशाखसम्म लम्ब्याउने निर्णय गरेको हो । कोरोना नियन्त्रणका लागि सरकारले लकडाउन अझै कडा गर्नुका साथै सीमा क्षेत्रमा विशेष कडाई गर्ने निर्णय समेत भएको स्रोतले जनाएको छ ।

## भारतमा ३ मेसम्म लकडाउन बढाइयो

नयाँ दिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले १९ दिन लकडाउन लम्ब्याएको घोषणा गरेका छन् । भारतमा २१ दिने लकडाउन सकिनै लाग्दा उनले मंगलबार बिहान विशेष सम्बोधन गर्दै ३ मे सम्म लकडाउन लम्ब्याएको घोषणा गरेका हुन् । 'अब ३ मईसम्म लकडाउन लम्ब्याइएको छ,' उनले भने, 'सामाजिक दुरी र लकडाउनको लाभ देशलाई मिलेको छ ।' आर्थिक दृष्टिले यो महङ्गो सावित भएपनि भारतवासीको जिन्दगीको अगाडि यसको कुनै तुलना नभएको बताए ।

# जिल्ला समाचार

## फाउण्डेशनद्वारा खाद्यान्न सामग्री वितरण

वीरगन्ज । विश्व व्यापीरूपमा मानव सभ्यतामाथि  कोरोना भाईरसको संक्रमण फैलिरहेको अवस्थामा गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साले खाद्यन्न समाग्री राहत स्वरूप वितरण गरेको छ । सधै ज्याला मज्दुरी गरि खानेलाई गिरिजा प्रसाद कोईराला फाउण्डेशन पर्साले वीरगंज महानगर पालिका वडा नं १ र ३ का ६०० विपन्न परिवारलाई खाद्यन्न समाग्री उपलब्ध गराएको छ । वीरगंज महानगर पालिकाको वडा नं १ र ३ का अति विपन्न तथा दैनिक ज्याला दारी गरि खाने तथा लकडाउनका कारण घर भित्रै बस्नु परेको कारण धेरैले आनमदनी नभएका घर परिवारलाई दैनिक उपभोग्य वस्तु चामल ७के.जी.,आल ३के.जी.,दाल १ के.जी.,नुन १ के.जी. ,तेल ५०० ग्राम ,गहुको पिठो २ के.जी. लगायतको समाग्री उपलब्ध गराएको फाउण्डेशन पर्साका अध्यक्ष मोहम्मद सहाबुदिनले बताएका छन् ।

## प्रदेश २ का सभामुखद्वारा अस्पतालको अनुगमन

जलेश्वर । प्रदेश  २ का सभामुख सरोजकुमार यादव शुक्रबार जलेश्वर अस्पतालको अनुगमन गरेका छन् । जलेश्वर अस्पताललाई प्रदेश २ का सामाजिक विकास मन्त्रालयले विशेष अस्पतालमा स्तरोन्नति गरेपछि शुक्रबार उनले अनुगमन गरेका हुन । अनुगमनको क्रममा पत्रकारहरूसंग कुराकानी गर्दै उनले प्रदेश सरकारले जलेश्वर अस्पताललाई १५ शय्याबाट ५० शययामा स्तरोन्नति गरिएपछि अनुगमन गरिएको बताए । पत्रकारहरूको प्रश्नमा उनले यो महामारीबाट जनतालाई बचाउन अहोरात्र खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मीसहित सत्यतथ्य सुचनाबाट सुसुचित गरिरहेका पत्रकारहरूलाई ५० लाखको बिमा प्रदेश सरकारले गर्ने जानकारी दिए । अनुगमनमा महोत्तरीका प्रदेशसभा सदस्य रानी शर्मा तिवारी, महोत्तरीका प्रमुख जिल्ला अधिकारी सुर्यबहादुर खत्री, नेपाल प्रहरीका प्रहरी उपरिक्षक श्यामकृष्ण अधिकारीसहित प्रदेश सभा सचिव रञ्जित यादव, जलेश्वर अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष सुरेश पाण्डेय, जलेश्वर अस्पतालका मेडिकल सुपरिडेन्टेन्ट डा.राजिवकुमार झाको उपस्थिती रहेको थियो ।

## बर्दिया सीमा नाकामा सशस्त्रको चेक पोस्ट

बर्दिया । नेपालसँग सीमा जोडिएको भारतको उत्तरप्रदेशमा कोरोना संक्रमण बढदै गएपछि बर्दियाको सीमा नाकामा उच्च सतर्कता बढाइएको छ । बर्दिया जिल्लाको नेपाल-भारत सीमा क्षेत्रमा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरी सीमा पूर्ण रूपले सिल गरिएको छ । सीमा क्षेत्रमा पर्ने बर्दियाका ८७ वटा चेक पोस्टमा झण्डै ८ सय सशस्त्र प्रहरी परिचालन गरिएको सशस्त्र प्रहरी उपरीक्षक यादव विकले जानकारी दिए ।  भारतको उत्तर प्रदेशसँग बर्दियाको ८३ किलोमिटर क्षेत्र पर्छ । यस क्षेत्रमा झण्डै एक एक किलोमिटरको दूरीमा चेक पोस्ट खडा गरिएको छ । सुरक्षा निकायले २४ सै घण्टा निगरानी बढाएको छ । सुरक्षा टोलीले सीमावर्ती क्षेत्रमा मोबाइल गस्तीसमेत बढाएको उपरीक्षक विकले बताए । जिल्लाका केही गाउँमा नेपाली सेनाहरू पनि तैनाथ गरिएका छन् । बर्दियामा भएको सुरक्षा बल अपुग भएपछि बाहिर जिल्लाबाट थप बल १ सय ५० जनाको संख्यामा सशस्त्र प्रहरी मगाइएको छ । नाकाहरूमा उच्च सतर्कता बढाइएको सशस्त्र प्रहरीले जनाएको छ । छिमेकी जिल्ला कैलाली र सीमावर्ती उत्तरप्रदेशमा कोरोना भाइरस संक्रमित व्यक्तिहरू भेटिएपछि भारतीय सीमा पूर्ण रूपले लक गर्ने, छिमेकी जिल्ला कैलालीसँग आवागमन ठप्प पार्ने, स्थानीय तहबीच पनि आवागमन रोक्ने प्रशासनको रणनीति छ।कोरोना संक्रमण फैलिनबाट जोगिन स्थानीय तहमा सचेतना जोगाउने कार्यहरू पनि भएका छन् ।

## सशस्त्र प्रहरीद्वारा सय किमी सीमा शिल

कैलाली । सशस्त्र प्रहरी बल कैलालीले भारतसँग सीमा जोडिएको १०१ किलोमिटर क्षेत्रलाई पूरै शिल गरेको छ । कोभिड-१९ को रोकथाम तथा नियन्त्रणका लागि सशस्त्र प्रहरीले भारतसँग सीमा जोडिएका क्षेत्रमा मानिसको आगमन रोक्न शिल गरेको हो । विश्वमा महामारीका रूपमा फैलिइरहेको कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि सरकारले गरेको लकडाउनका समयमा मानिस भारतबाट नेपाल भित्रिन सक्ने भन्दै सीमानाकालाई पूरै शिल गरिएको सशस्त्र प्रहरी बल नेपाल नम्बर ३४ गण हेडक्वार्टर गणपति कमल तिमिल्सिनाले बताए । उनका अनुसार कैलालीको १०१ किलोमिटर लामो सीमानाकाका १९ स्थानमा प्रहरीको अस्थायी जाँचचौकी र ७३ स्थानमा सेन्ट्री स्थापना गरी निगरानी बढाइएको छ । भारतसँग खुला सिमाना भएका कारण लकडाउनको समयमा कोही पनि नेपाल भित्रिन नदिन सशस्त्र प्रहरीले सीमानाकामा सुरक्षाका साथै निगरानी गर्दै आएको तिमिल्सिनाको भनाइ छ । कोभिड-१९ महामारी रोकथाम तथा नियन्त्रणका लागि मुख्य त्रिनगर र खक्रौला नाका बन्द भएकाले लुकीछिपी अन्य खुला नाकाबाट आवतजावत हुन सक्ने भन्दै सीमानाका शिल गरेर सुरक्षा दिइरहेको उनले बताए ।

## ३०८ परिवारलाई राहत वितरण

वीरगन्ज । वीरगन्ज महानगरपालिकाले राहत वितरण कार्यलाई तीव्रता दिएको छ । नगर प्रमुख विजय कुमार सरावगीको विशेष पहलमा महानगरपालिकाको निर्णयअनुसार सबै वडामा राहत वितरण कार्यलाई प्राथमिकता दिँदै राहत वितरण कार्य अगाडि बढाइएको हो । यसैगरी शनिबार दिउँसो महानगरपालिकाको वडा नम्बर २५मा पनि राहत वितरण गरिएको छ । वडा अध्यक्ष विश्वराज राउत कुर्मीको विशेष उपस्थितिमा मौजे श्रीसिया र भन्सार टोला श्रीसियामा रहेका ३०८ परिवारलाई राहत सामग्री वितरण गरिएको छ । प्रत्येक परिवारलाई १५ किलो चामल, डेढ किलो दाल, १ लिटर तेल र नुनको पाकेट सहितका सामग्रीहरू वितरण गरिएको वडा कार्यालयले जनाएको छ । उक्त वडामा रहेको बाँकी २ वटा रोल, ड्राइपोर्ट र खलवाटोल श्रीसियामा आइतबार राहत बितरण गर्ने कार्यक्रम रहेको जनाइएको छ ।

## कालोबजारीप्रति ध्यानाकर्षण

विराटनगर । उद्योग सङ्गठन मोरङले लकडाउनको अवधिमा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति तथा बिक्री वितरणमा कृत्रिम अभाव सिर्जना गर्ने तथा अत्यधिक मूल्य लिई कालोबजारी नगर्न आग्रह गरेको छ । मानव जातिको अस्तित्व नै सङ्कटमा परिरहेको यस विषम परिस्थितिमा यसबाट बच्न नेपाल सरकारद्वारा अवलम्वन गरिएको लकडाउनलाई पालना गर्दै तथा उद्योग सञ्चालनका सम्बन्धमा जारी स्वास्थ्य सुरक्षा प्रोटोकल पालना गर्दै अत्यावश्यक वस्तु तथा सेवाको उत्पादन तथा बिक्री वितरणमा संलग्न उद्योगी व्यवसायीलाई साबिकको मूल्यमा बिक्री गर्न सो सङ्गठनद्वारा आज जारी विज्ञप्तिमा आग्रह गरिएको हो । सम्बन्धित निकायबाट हुने अनुगमनमा यदि कोही कसैले कालोबजारी गरेको पाइएका उद्योग सङ्गठन जिम्मेवार नहुने जानकारी गराउँदै विज्ञप्तिमा बैंक तथा वित्तीय संस्थाले निक्षेपको ब्याजदर घटाइसकेको तर ऋणको ब्याजदर नघटाएको हुँदा यो पनि कालोबजारीकै रूप भएको ठहर गरिएको छ ।

## मस्जिदको अनुगमन

बाँके । स्थानीय प्रशासनले नेपालगञ्जका विभिन्न धार्मिकस्थलमा अनुगमन गरी निगरानी बढाएको छ । कोरोनाको सम्भावित संक्रमण रोकथाम तथा न्यूनीकरणका लागि मस्जिद तथा मदरसालगायत धार्मिक संस्था र त्यसमा आश्रय लिएका व्यक्तिको अवस्थाबारेमा अनुगमन शुरू गरिएको हो । बाँकेका प्रमुख जिल्ला अधिकारी कुमारबहादुर खड्काको नेतृत्वमा विभिन्न मस्जिद मदरसाको स्थलगत अनुगमन टोलीले सम्भावित संक्रमण रोकथाम तथा न्यूनीकरणका लागि मस्जिद तथा मदरसाका धर्मगुरू, मौलाना, स्थानीय जनप्रतिनिधिसहित जिल्ला सुरक्षा समितिका सदस्यको सहभागितामा सो अनुगमन गरेको हो । अनुगमन टोलीले मदरसा सञ्चालन समितिका पदाधिकारीलाई व्यक्तिको भीडभाड नगराउन र बाहिरबाट आएका व्यक्तिलाई आश्रय नदिन सचेतसमेत गराएको छ । (रासस)

## मकै बाली नष्ट

रौतहट । वर्षासँगै आएको हावाहुरी र अशिनाका कारण रौतहटमा ठूलो क्षति पुगेको छ भने जिल्लाको अधिकांश स्थानमा विद्युत् आपूर्ति ठप्प भएको छ । शुक्रबार राति करिब साढे ८ बजेको समयमा वर्षासँगै आएका हावाहुरी र अशिनाले रौतहटको विभिन्न स्थानमा घरको छाना उडाउनुका साथै रूख तथा दर्जनौं विद्युतको पोल समेत ढालेको छ । वर्षासँगै आएका अशिनाका कारण रौतहमा टालिबाट छाइएको घर बढी प्रभावित भएको देखिएको छ । टालिबाट छाइएको घरका टालि अशिनाले फुटेर घरमा भएको सम्पुर्ण समाग्री पानिले भिजेर र हावाहुरीले उडाएर नष्ट भएको छ । यस्तै बर्षासंगै आएको हावाहुरी र अशिनाका कारण रौतहटको उतरी भेगमा किसाले लगाएको मकै बालि पनि पुर्ण रूपमा नष्ट भएको हो । किसानले लगाएको मकै बालि कामै नलागने जस्तै अशिनाले नष्ट गरेको चन्द्रपुर ९ का स्थानिय वासिन्दा राम लोचन चौधरीले बताएका छन् । चौधरीका अनुसार चन्द्रपुर नगरपलिका वडा नं–९ चेतनगरमा करिब १ हजार विघा मकै बालि अशिनाले ध्वस्त परेको छ भने सयौं घरका छाना समेत उडाएको बताएका छन् ।

## विश्व परिवेश

### विश्व नेताहरूद्वारा भारतीय सहयोगको प्रशंसा

नयाँदिल्ली । अमेरिकी राष्ट्रिय स्वास्थ्य इन्स्टिच्यूट (एनआईएच)ले मलेरिया (औलो) रोगको उपचारमा प्रयोग हुने हाइड्रोक्सिक्लोरोक्विनलाई कोरोनाभाइरसको उपचारका लागि परीक्षण गर्न औपचारिक अनुमति दिएको घोषणा गरेको छ । एनआईएचले यस्तो घोषणा गरेसँगै अमेरिकाले भारतसँग उक्त औषधीको माग गरेको छ । अमेरिकाको मागलाई भारतले पनि पुरा गर्ने भएको छ । अमेरिकी राष्ट्रपति ट्रम्पले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई फोन गरी क्लोरोक्विन औषधि अमेरिकालाई आपूर्ति गर्न स्वीकार गरेकामा धन्यवाद दिएका थिए ।

भारतले शुरूमा उक्त औषधिको निर्यातमा रोक लगाए पनि पछि बिभिन्न देशहरूको अनुरोध आएपछि आफ्मानै निर्णयमा पुनर्विचार गर्दै अत्यावश्यक पर्ने देशहरूमा निर्यात गर्ने बाटो खोलेको थियो । उक्त निर्णयपछि विश्वभरीबाट भारतको प्रशंसा भएको छ । ब्रजिलका राष्ट्रपतिले पनि भारतको खुलेर प्रशंसा गरेका छन् । उनले रामायणको प्रसंग उठाउँदै भनेका छन्-जसरी लक्ष्मणको जीवन बचाउन हनुमानले संजिवनीका लगि पहाड ल्याएका थिए त्यसैगरि भारतले सहयोग गरेको छ । संयोगले ब्रजिलका राष्ट्रपतिले मोदीको प्रशंसा गरेको दिन हनुमान जयन्ती थियो । भारतले ब्राजिलका लागि पहिलो खेप हाइड्रोक्सिक्लोरोक्विन पठाईसकेको छ । ईजरायलका प्रधानमन्त्री बेन्जामिन नेतानेहुले पनि भारतलाई उक्त औषधि पठाएकोमा धन्यवाद दिएका छन् । मलेरियाको उपचारमा प्रयोग हुने औषधिले कोभीड १९को पनि उपचार हुनसक्ने अनुमान गरिएको छ ।

### भारतमा नागरिक सहयोगको क्यानाडाद्वारा अनुसरण

नयाँ दिल्ली । भारतले आफ्ना नागरिकहरूलाई मदत गर्नका लगि ३० हजार करोड भारतीय रूपियाको कोष खडा गरेको छ । प्रधानमन्त्री जनधन योजना अन्तर्गत हरेक महिलाको खातामा ५ सय रूपिया जम्मा गरिएको छ । उक्त भारतीय मोडलको क्यानाडाले पनि अनुसरण गरेको छ । क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडुले १० करोड डलरको कोष खडा गरेका छन् । क्यानाडाले आफ्ना बिपन्न एवं अफठ्यारोमा परेका नागरिकहरूलाई सहयोग गर्न उक्त कोष खडा गरेको बताईएको छ ।

### अफ्रिकीहरू चीनियाँ उत्पीडनको शिकार

हङ्कङ्ग । चीनले कोरोनाभाईरसविरूद्धको महामारी जितिसकेको दाबी गरेको छ । यद्यपि मार्च २० यता उसले आफ्नो सिमानाकाहरू र अन्तर्राष्ट्रिय उडानहरू बन्द गरेको छ । विज्ञहरूले चीनमा महामारीको दोश्रो लहर उठ्न सक्ने औल्याएपछि चीनियाँ जनताहरू त्रास भ्kन् थपिएको छ । चीनियाँ प्रशासनले अब हुने महामारीको खतरा विदेशी संक्रमितबाट आउने सक्ने प्रक्षेषण गरेपछि चीनियाँ जनताको त्रास विदेशीविरूद्धको भावनाको रूपमा परिणत भएको जसको सबसे ठुलो मारमा त्यहाँ रहेको अफ्रिकी समुदाय परेका छन् । चीनको स्पवन परियोजना बेल्ट एण्ड रोड इन्सिएटिभलाई सघाएका अफ्रिकी समूदाय नै हाल सबैभन्दा बढी मारमा परेका छन् । चीनको गुञ्जाओका घरबेटीहरूले अफ्रिकीहरूलाई घरहरूबाट निकालेका छन् भने उनीहरूका लागि होटलका ढोकाहरू पनि बन्द गरिएको सिएनएनले जनाएको छ । उनीहरूले हालसालै कुनै पनि विदेश यात्रा गरेको नभेटिएपनि अथवा कुनै संक्रमितको सम्पर्क नआएको भएपनि उनीहरूलाई बासबिहीन बनाइएको बताइएको छ । सिएनएनले दुई दर्जनभन्दा बढी त्यस्ता अफ्रिकीहरूको अन्तर्वार्ता प्रशारण गरेको छ जो अहिले सडकमा रात विताउन बाध्य छन् । यद्यपि उनीहरूमा कोभिड-१९ को न त कुनै लक्षण देखिन्छ न त उनीहरू कुनै संक्रमितको सम्पर्कमा नै आएका छन् । यहाँ के उल्लेख गर्नु जरूरी छ भने चीनमा देखिएको आयातित संक्रमणहरूको ९० प्रतिशत संक्रमण घर फर्किएका चीनियाँ नागरिकहरूमै देखिएको चीनीयाँ उप-विदेश मन्त्री लुओ भ्kाओहुईले मार्च २६ मा बताएका थिए । तर निशानामा भने अफ्रिकी समुदाय परेका छन् । चीन अफ्रिकी जनता उत्पीडनको शिकार भईरहदा मन्त्री लुओले भने कोरोनाभाईरसको रोकथामका लागि अफ्रिका र चीन एक साथ रहेको भन्न छुट्टाएनन् ।

## भारतद्वारा 'हाइड्रोक्सिक्लोरोक्वाइन' निर्यात अनुमति

काठमाडौं । भारतले 'हाइड्रोक्सिक्लोरोक्वाइन' निर्यातमा लगाएको प्रतिबन्ध फुकुवा गरेपछि विभिन्न मुलुकले निर्यातको प्रस्ताव गरिरहेका छन् । जसमा भारतले हाल तीन मुलुक संयुक्त राज्य अमेरिका, स्पेन र अस्ट्रेलियाले गरेको माग स्वीकार गर्दै निर्यात अनुमति दिइएको हो ।

भारतले हाइड्रोक्सिक्लोरोक्वाइन र कच्चा पदार्थ निर्यात खुलाए पनि निर्यात गर्नुभन्दा अगाडि कुन देशलाई र कसलाई दिने भन्ने जानकारी भारतीय सम्बन्धित निकायलाई गराएर अनुमति लिनुपर्ने प्रावधान राखिएको छ ।

यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले मलेरियाको उपचारका लागि प्रयोग गरिने हाइड्रोक्सिक्लोरोक्वाइन कोरोना भाइरसको उपचारका लागि प्रयोग गर्न सकिने बताएका थिए । राष्ट्रपति ट्रम्पले ह्वाइटमा गरिएको ब्रिफिङका क्रममा हाइड्रोक्सिक्लोरोक्वाइनले कोभिड-१९ को उपचार गर्न सकिने बताएका थिए ।

तर, भारतले यसअघि हाइड्रोक्सिक्लोरोक्वाइन निर्यातमा पूर्ण प्रतिबन्ध लगाएको थियो । तर, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शनिबार मोदीसँग टेलिफोन संवाद गरी हाइड्रोक्सिक्लोरोक्वाइनको निर्यातमा लगाएको प्रतिबन्ध फुकुवा गर्न आग्रहसमेत गरेका थिए । ट्रम्पको आग्रहपछि भारतले निर्यात फुकुवा गरेको थियो ।

त्यसैगरी बिहीबार तीन मुलुकले गरेको मागलाई स्वीकार गर्दै निर्यात अनुमति दिएको डीएनए इन्डियाले जनाएको छ ।

हाइड्रोक्सिक्लोरोक्वाइन कोरोना भाइरसविरूद्धको उपचारमा पनि प्रभावकारी हुने ट्रम्पले दाबी गर्दै आएका छन् । वैज्ञानिकले यसको प्रभावकारिता पुष्टि नगरे पनि ट्रम्पले भने यसको प्रयोग गर्नु पर्नेमा लगातार जोड दिँदै आएका छन् ।

## सीमा क्षेत्रमा ६ हजार सशस्त्र प्रहरी परिचालन

काठमाडौं । सरकारले लकडाउनलाई थप प्रभावकारी बनाउन नेपाल-भारत सीमा क्षेत्रमा उल्लेख्य मात्रामा सशस्त्र प्रहरी बललाई परिचालन गरेको छ । भारतबाट लुकिछिपी भारतीय तथा नेपाली नागरिक समेत प्रवेश गर्ने गरेको पाइएपछि कोरोना सक्रमणको त्रास बढेकाले सीमा क्षेत्रमा मात्रै ६ हजार जनशक्ति परिचालन गरेको छ । सीमा क्षेत्रमा अवैध रूपमा आवागमन नहोस् भन्ने ध्येयका साथ लकडाउनलाई प्रभावकारी बनाउन एक हजार ६८ स्थानमा पिकेट स्थापना गरी उक्त परिमाणमा जनशक्ति खटाइएको हो । केही स्थानमा भने सीमा पूर्ण रूपमा नै बन्द गरिएको छ भने कोही कसैलाई पनि आवतजावत गर्न नदिइने प्रबन्ध गरिएको छ । छाउनीस्थित नेपाली सेनाको रेञ्जर गणमा रहेको क्राइसिस म्यानजेमेन्ट सेन्टर (सिसिएमसी)मा आयोजित पत्रकार सम्मेलनमा दिइएको जानकारी अनुसार सीमा सुरक्षाको जिम्मेवारीमा रहेको सशस्त्र प्रहरी बललाई नै थप प्रभावकारी रूपमा लकडाउन पालना गराउन परिचालन गरिएको छ ।

## आर्थिक समाचार

### कनेक्ट आइपीएसमार्फत नेपाल लाइफको बीमा शुल्क भुक्तानी गर्न सकिने

काठमडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको बीमा शुल्क (प्रिमियम) विभिन्न डिजिटल पेयमेन्ट सिस्टमबाट भुक्तानी सुविधा दिँदै आएकोमा अब कनेक्ट आइपीएसमार्फत पनि अनलाइन भुक्तानी गर्न सकिनेछ । कनेक्ट आइपीएसमा आवद्ध कुनै पनि बैंकको खाता मार्फत घरमै बसी बसी आफ्नो बीमा शुल्क भुक्तानी गर्न सकिने छ । कम्पनीको शाखा/उपशाखा कार्यालयमा गई आफ्नो प्रिमियम भुक्तानी गर्दै आउनुभएका सेवाग्राहीहरूले अब सहज र सरल तरिकाबाट कनेक्ट आइपीएसमार्फत अनलाइन भुक्तानी गर्न सक्नेछन् । जुनसुकै समयमा जहाँसुकैबाट अनलाइन भुक्तानी गर्न सकिने यो सेवाले बीमितहरूको समयको बचत हुने कम्पनीले जनाएको छ । नेपाल लाइफले आफ्ना सेवाग्राहीहरूलाई समय सापेक्ष प्रविधिमैत्री सेवा प्रवाह गर्दै आइरहेको छ । यस अघि नै नेपाल लाइफको प्रिमियम डिजिटल वालेटहरू ई-सेवा तथा प्रभु पेबाट अनलाइन भुक्तानी भइरहेको छ । त्यस्तै, फोन पेमार्फत आफ्नो बैंक खाता कनेक्ट गरी र नेपाल इन्भेष्टमेन्ट बैंकको इन्टरनेट बैंकिङ्गमार्फत अनलाइन भुक्तानी भइरहेको समेत कम्पनीले जनाएको छ । नेपाल लाइफले अन्य डिजिटल पेयमेन्ट सिस्टमबाट पनि बीमा शुल्क भुक्तानीको व्यवस्था गर्दै जाने विज्ञप्तीमा उल्लेख गरेको छ ।

### चौधरी फाउन्डेसनद्वारा पीपीई तथा उपचार सामाग्री सहयोग

काठमाडौं । कोरोनाभाइरस (कोभिड-१९) रोकथाम र उपचारका लागि चौधरी फाउन्डेसनले ठूलो संख्यामा नागरिक आवतजावत हुने भारतसँगका सीमावर्ती प्रदेशमा आफ्नो ध्यान केन्द्रित गरेको छ ।

फाउन्डेसनले सुदूरपश्चिम प्रदेशका धनगढी, डँडेलधुरा, दार्चुला र बैतडी जिल्ला अस्पतालमा एन ९५ मास्क, स्यानिटाइजरसहितका व्यक्तिगत सुरक्षा (पीपीई) र उपचार सामाग्री उपलब्ध गराएको छ । त्यस्तै, कर्णाली प्रदेशका चौरजहारी (रूकुम पश्चिम) र कर्णाली प्रादेशिक अस्पतालमा पनि यी सामग्री हस्तान्तरण गरिएको छ । सुरक्षा सामग्री ग्रहण गर्दै कर्णाली प्रदेशका मुख्यमन्त्री महेन्द्रबहादुर शाहीले सहयोगका लागि फाउन्डेसनप्रति आभार व्यक्त गर्दै भविष्यमा पनि यस्तै सहयोगको अपेक्षा गरे । यस्तै फाउन्डेसनले प्रदेश २ का मुख्यमन्त्री र सरकारसँग नजिकको समन्वय कायम गरी जनकपुर, वीरगन्ज, सप्तरी, महोत्तरी, रौतहट, सर्लाही, सिरहा अस्पताललाई थप सुरक्षा सामग्री उपलब्ध गराएको छ । सहयोग ग्रहणपछि प्रदेश नं. २ का मुख्यमन्त्री लालबाबु राउतले भारतबाट आएका नागरिकका कारण संवेदनशीलता बढेको भन्दै गुणस्तरीय सुरक्षा सामग्री उपलब्ध गराएकोमा फाउन्डेसनप्रति आभार व्यक्त गरे । फाउन्डेसन अध्यक्ष विनोद चौधरीले सामाजिक उत्तरदायित्व वहन गर्दै आफूहरूले नागरिक सुरक्षामा थोरै भए पनि योगदान गर्न पाउँदा सन्तोष लागेको बताएका छन् । फाउन्डेसनले यसअघिसरकारका स्वास्थ्यमन्त्री माननीय भानुभक्त ढकाललाई १ हजार 'पीसीआर रिएजेन्ट' हस्तान्तरण गरेको थियो ।

### प्रदेश २ राहत कोषमा सहयोग

जनकपुरधाम । प्रदेश २ सरकारले स्थापना गरेको कोरोना भारइस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोषमा एनसीसी बैंकले पाँच लाख रूपैयाँ सहयोग गरेको छ । बैंकको वीरगंजस्थित प्रादेशिक कार्यालय र जनकपुरस्थित कार्यालयका प्रतिनिधिहरूले आज मुख्यमन्त्री लालबाबु राउतलाई पाँच लाख बराबरको चेक हस्तान्तरण गरेका हुन् । यसअघि कोषमा, लक्ष्मी बैंक, नेपाली काँग्रेस प्रदेश नं. २, सिभिल बैंक, मेगा बैंक ,गण्डकी विकास बैंक, कुमारी बैंक ,माछापुछे बैंक, नेपाल बैंक लिमिटेड, कृषि विकास बैंक , सिटिजन्स बैंक , सिद्धार्थ बैंक , भाटभटेनी मल लगायतका संघ संस्थाहरूले रकम सहयोग गरि सकेका छन् । प्रदेश सरकारले राष्ट्रिय वाणिज्य बैंकको जनकपुर शाखामा कोरोना भारइस संक्रमण, रोकथाम, नियन्त्रण तथा उपचार कोष नामक खाता संचालनमा ल्याई सहयोग गर्न अपील समेत गरेको छ । कोषको खाता नं. १२२०५०३००००01 रहेको छ ।

## पूर्वराजा ज्ञानेन्द्र शाहको २ करोड कोरोना कोषमा हस्तान्तरण

काठमाडौं । प्रधानमन्त्रीले स्थापना गरेको कोरोना रोकथाम, राहत तथा उपचार कोषमा दुई करोड रूपैयाँ सहयोग दिने घोषणा गरेका पूर्वराजा ज्ञानेन्द्र शाहले हस्तान्तरण गरेका छन् । 'हिमानी कोषले श्री ५ महाराजधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेव सरकारबाट उपलब्ध २ करोड रूपैया प्रधानमन्त्रीले स्थापना गरेको कोरोना रोकथाम, राहत तथा उपचार कोषमा आज मितिः २०७६ चैत्र ३० गते रकम हस्तान्तरण गरेको छ ।' हिमानी कोषले जनाएको छ । हिमानी कोषका कर्मचारीहरूमार्फत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव महेन्द्र गुरागाईंले उक्त रकम बराबरको चेक बुझेका हुन् । हिमानी कोषले भनेको छ, 'रकम हस्तान्तरण गर्दै हिमानी कोषले कोभिड १९ महामारीबाट नेपालीलाई बचाउन उक्त रकम सहि सदुपयोग होस् भन्ने हिमानी कोष र श्री ५ महाराजाधिराजको चाहना रहेको हिमानी कोषले जानकारी गराएको छ ।' यो राहत रकम हस्तान्तरणसँगै कोषले आगामी दिनमा कोभिड १९ विरूद्ध नेपालीलाई राहत र सहयोगको कार्य जारी राख्ने प्रतिबद्धतासमेत जनाएको छ ।

## नेपाल-भारत सीमाको सात स्थानमा अस्थायी सुरक्षा पोस्ट

इलाम । कोरोना भाइरसको संक्रमण बढ्दै गएपछि इलामको नेपाल-भारत सीमा क्षेत्रका सात स्थानमा सशस्त्र प्रहरीले अस्थायी पोष्ट स्थापना गरेको छ । लकडाउनको समयमा भारतबाट आउनेक्रम नरोकिएपछि सुरक्षा सतर्कताका लागि पोष्ट स्थापना गरिएको हो । भारतसँग सिमाना जोडिएको रोङ गाउँपालिकाको जिर्मले, सूर्योदय नगरपालिकाको समालबुङ, छब्बिसे, हिले, मानेभञ्ज्याङ, माईजोगमाई गाउँपालिकाको मेघमा र सन्दकपुर गाउँपालिकाको जौबारीमा अस्थायी सुरक्षा पोष्ट राखिएको सशस्त्र प्रहरी बल १ नम्बर गण हेडक्वाटर इलामका प्रहरी उपरीक्षक रोशन श्रेष्ठले जानकारी दिए । प्रहरी उपरीक्षक श्रेष्ठले भने, 'सीमा नाकाबाट आएका मानिस क्वारेन्टाइनमा नगइदिएपछि कोरोनाको जोखिम बढ्ने देखियो । यो त्रास नहटेसम्म सिमानामा उच्च निगरानी गर्छौं ।'

## सीमामा थप ३२९ चेकपोष्ट खडा

जनकपुरधाम । लकडाउनकै बीच प्रदेश २ का नाका प्रयोग गरेर भारतबाट आउने क्रम नरोकिएपछि प्रहरीले सीमा नाकामा थप चेकपोस्ट खडा गरेको छ । लकडाउनमा पनि भारतीय नाका हुँदै नेपाल प्रवेश गर्ने क्रम यथावत् रहेपछि चेकपोस्ट संख्या बढाइएको प्रदेश प्रहरी प्रमुख डीआईजी प्रद्युम्न कार्कीले जानकारी दिए । यसका लागि नेपाल तथा सशस्त्र प्रहरी दुवैको संख्या बढाइएको उनले बताए । डीआईजी कार्कीका अनुसार अहिले त्यसलाई बढाएर ३ सय २९ पुऱ्याइएका छ । भारतबाट नेपाल आउन सक्ने सम्भावित ठाउँहरूमा चेकपोष्ट बनाइएको उनले बताए । सीमा नाकामा चेकपोष्ट थपेर भारततर्फका एसएसबी, थानेदार, दरोगा, डीएमहरूसँग नियमित सम्पर्क र समन्वय गरिरहेको कार्कीले बताए ।

## भारतबाट १ सय ५६ मालवाहक गाडी नेपाल भित्रिए

जनकपुरधाम । प्रदेश २ को सीमानाकाबाट एक सय ५६ वटा मालवाहक गाडी नेपाल भित्रिएका छन् । वीरगञ्जस्थित इनरवा नाका हुँदै तरकारी र फलफूल बोकेका १९ वटा गाडी र ३९ वटा पेट्रोलियम पदार्थ बोकेका ट्यांकर नेपाल प्रवेश गरेका हुन् ।

पर्साकै एकीकृत भन्सार जाँच चौकी हुँदै ५३ वटा मालवाहक ट्रक, १७ वटा रिफाइन आयल, ३५ वटा टेलर तथा ४८ वटा एलपीजी ग्यास बोकेको बुलेट, एउटा मेसिनरी मालसमान बोकेको पिकअप र २ कन्टेनर गरी १ सय ५६ वटा मालवाहक गाडी भित्रिएको प्रदेश २ समाजिक विकास मन्त्रालयका सचिव रामप्रसाद घिमिरेले जानकारी दिए ।

यस्तै पर्साको सुखा बन्दरगाहमा रहेको ८७ वटा कन्टेनर, १२ वटा स्पोन्ज आइरन र २ मालवाहक ट्रक नेपाल भित्रिएको उनले बताए । उनका अनुसार बुधबार र बिहीबार गरी चारवटा ट्यांकरसहित १ सय ४ वटा गाडी भारततर्फ गएको छ ।

## सीमामा थप सुरक्षा बढाउन मुख्यमन्त्री राउतको आग्रह

काठमाडौं । नेपाल-भारत सीमामा थप कडाइ गरिदिन प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले गृहमन्त्री रामबहादुर थापासँग आग्रह गरेका छन् । वीरगन्जको एक मस्जिदमा आएका ३ जना भारतीय नागरिकमा कोरोना भाइरसको संक्रमण देखिएपछि गृहमन्त्री थापालाई टेलिफोन गरेर मुख्यमन्त्री राउतले भारतसँग सीमा जोडिएका नाकाबाट मानिस आवतजावत पूर्ण रूपमा निषेध हुने गरी सुरक्षा व्यवस्था कडा पार्न आग्रह गरे ।

जबाबमा गृहमन्त्री थापाले लकडाउन कार्यान्वयन र सीमा नाका सिल गर्न सबै रणनीति अवलम्बन गरिएको र थप तैनाथी बढाइने बताए । मुख्यमन्त्री राउतले कोरोना संक्रमण थप फैललिन नदिन सीमा नाका सिल गर्नुको विकल्प नभएको पनि बताएका थिए । संघीय सरकार अन्तर्गतका प्रशासन र प्रहरी संरचनालाई थप चुस्त रूपमा खटाउन पनि आग्रह गरेका थिए । जवाफमा गृहमन्त्री थापाले गोरेटो बाटो र खेतबारीसम्म सुरक्षा फौज तैनाथ भइसकेको र आवश्यकता परे अन्य स्थानबाट थप जनशक्ति परिचालन गरिने बताएका थिए ।

प्रदेश २ का ८ जिल्लाको भारतसँग ४ सय ६४ किमि लम्बाइ सीमा छोएको छ । खुल्ला सीमानाका कारण अनौपचारिक नाका र खेतबारीबाट आवतजावत गर्नेक्रम अझै पूर्ण रूपमा नियन्त्रण हुन सकेको छैन । सशस्त्र प्रहरीले २ नम्बर प्रदेशमा मात्रै सीमातर्फ ४ सय २६ चेकप्वाइन्टबाट सुरक्षाजाँच गरी आवतजावत रोकेको छ ।

## मदरसाहरूलाई पनि क्वारेन्टाइनको रूपमा प्रयोग गर्न सरकारलाई सुझाव

काठमाडौं । कोरोना भाइरसको संक्रमण नेपालमा पनि बढ्दै गएको देखिएको अवस्थामा मदरसाहरूलाई पनि क्वारेन्टाइनको रूपमा प्रयोग गर्न मुस्लिम आयोगले सरकारलाई सुझाव दिएको छ ।

मुस्लिम आयोगका अध्यक्ष समीम मियाँ अन्सारीले मंगलबार एक विज्ञप्ति जारी गरी मदरसाहरूलाई क्वारेन्टाइनको रूपमा प्रयोग गर्न सुझाव दिएका छन् ।

'नेपाल सरकारले प्रत्येक जिल्लामा थप क्वारेण्टाइनहरूको व्यवस्था गर्नुपर्दछ । सरकारले यस्ता थप क्वारेण्टाइनहरूको व्यवस्था गर्दा यस कार्यमा मुस्लिम आयोगले सहयोग गर्न तयार रहेको छ ।' अध्यक्ष अन्सारीले विज्ञप्तिमा उल्लेख गरेका छन् ।

उनले भनेका छन्, देशभरि नै पर्याप्त संख्यामा होस्टेल समेतका मद्रसाहरू उपलब्ध छन् । ती मदसाहरूमा भान्सा घर, शौचालय, स्नान कक्ष, बिजुली, खानेपानी आदिको व्यवस्था रहने गर्दछ । त्यसरी नै पर्याप्त आकारका मैदानहरू पनि ती मद्रसाहरूमा उपलब्ध छन् । यी मद्रसाहरूमा क्वारेण्टाइन व्यवस्थापन गर्न सकेमा निकै सहज हुने भएकोले मुस्लिम आयोग नेपाल सरकारलाई यस्ता मद्रसाहरूका भवन उपलब्ध गराउन पहल गर्नेछ ।'

राज्य विपदमा परेको बेला क्वारेन्टाइन प्रयोजनको लागि आफ्ना मदरसा भवन उपलब्ध गराएर सहयोग गर्न चाहने मदरसा व्यवस्थापन समितिहरूले मुस्लिम आयोगमा यथाशीघ्र सम्पर्क अध्यक्ष अन्सारीले आग्रह गरेका छन् ।

यो विपदको घडिमा सबैलाई आआफ्नो ठाउँबाट सरकारलाई सहयोग गर्न आग्रह गर्दै उनले भनेका छन्, 'लकडाउन पुर्ण रूपमा सफल पारेर आफू पनि बाँचौं, अरूलाई पनि बचाऔं ।'

## ट्रम्पले गरे मोदीको प्रशंसा

नयाँदिल्ली । अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले भारतप्रतिको आफ्नो व्यवहार परिवर्तन गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीको तारिफै तारिफ गरेका छन् । उनले मोदी वास्तवमा नै महान् र राम्रो भएको बताएका छन् । ट्रम्पले ट्वीटरमार्फत् मोदीको तारिफ गरेका हुन् । उनले लेखेका छन्, 'असाधारण समयमा मित्रहरू बीच घनिष्ठ सहयोग आवश्यक छ । हाइड्रोक्सीक्लोरोक्विनबारे लिइएको निर्णयका लागि भारत र भारतीय जनतालाई धन्यवाद । यो कहिल्यै बिर्सने छैन ! प्रधानमन्त्री नरेन्द्र मोदी, यो लडाईंमा भारतलाई मात्रै नभई मानवतालाई पनि सहयोग गर्न चाल्नुभएको तपाईंको यो उत्कृष्ट नेतृत्वका लागि धन्यवाद ।' ट्रम्पले भारतबाट २.९ करोड हाइड्रोक्सीक्लोरोक्विन पठाएको पनि जानकारी दिए ।

## कोभिड परीक्षण निःशुल्क बनाउन भारतीय सर्वोच्च अदालतको आदेश

नयाँ दिल्ली । भारतको सर्वोच्च अदालतले केन्द्र सरकारलाई कोरोना भाइरस कोभिड-१९ को परीक्षण निःशुल्क बनाउन आदेश दिएको छ । आफ्नो आदेशमा अदालतले केन्द्र सरकारलाई मान्यता प्राप्त सरकारी वा निजी जुनसुकै प्रयोगशालामा गरिने परीक्षण निःशुल्क बनाउन भनेको छ । अदालतले केन्द्र सरकारलाई यसका लागि तुरून्त आवश्यक निर्देशन दिन आदेश दिएको छ । सर्वोच्च अदालतले आफ्नो आदेशमा कोभिड-१९ सँग सम्बन्धित परीक्षणहरू राष्ट्रिय मान्यता प्राप्त बोर्ड वा विश्व स्वास्थ्य संगठन वा इन्डियन काउन्सिल अफ मेडिकल रिसर्चबाट मान्यता प्राप्त प्रयोगशालामा गर्नुपर्ने आफ्नो आदेशमा उल्लेख गरेको छ ।वकिल शंशाक देओ सुधिको याचिकामाथि सुनुवाइ गर्दै अदालतले केन्द्र सरकारलाई बुधबार यस्तो आदेश दिएको हो ।




मिथिला दर्शन
टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क
मोबाइल : ९८४३१४६४८८
कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि
Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं